


सुरेन्द्र ढकाल प्रतिष्ठानको लागि
सम्पादक/प्रकाशक
सुरेन्द्रप्रसाद ढकाल

कार्यकारी सम्पादक
तेजेन्द्र प्रसाई

प्रबन्ध सम्पादक
कृष्णराज दुलाल

प्रबन्ध निर्देशक
किरण थापा

अतिथि सम्पादक
विष्णु भट्टराई

सहसम्पादक
घनश्याम ओली

सम्पादन सहयोगी : गोविन्द विक

बजार व्यवस्थापन
रामशरण रिमाल

मुद्रक : अन्नपूर्ण अफसेट प्रिन्टर्स, असन, काठमाडौं
कार्यालय : नयाँ बानेश्वर, फोन ४१०५०४८ पोस्टबक्स ४२६५, फ्याक्स ४१०४४८७,
इमेल : greaternepal2012@gmail .com, www .greaternepal .com .np
*Visit : www .youtube .com Surendra Dhakal Social Activist*

# खोइ कहाँ रह्यो धर्म निरेपक्षता ?

**सुरेन्द्र ढकाल**
**पोलिटब्युरो सदस्य**
**(नेकपा माले)**



सामन्त भनिने राजाकै ढाँचामा राष्ट्रपतिले नवरात्रिमा सरकारी सुविधाको दुरुपयोग गर्दै, सडकहरु यातायात ठप्प गरी शक्तिपिठ चहारेको देखियो । राष्ट्रपति, उपराष्ट्रपति अनि प्रधानमन्त्रीले राजारानीकै ढाँचामा सर्वसाधारणहरुलाई टीका लगाइदिएको पनि देखियो । पूर्वप्रधान न्यायाधीस लगायत उच्च पदस्थ कर्मचारीहरुलाई घुँडा टेक्न लगाएर टीका लगाइदिएको दृश्य त सामाजिक सञ्जालमा भाइरल नै भयो । धर्मनिरपेक्ष राष्ट्र भन्दै अर्कोतर्फ ठीक त्यसको विपरीत विदा कटाएको पनि देखियो । किन गर्छन धर्मनिरपेक्ष राष्ट्रका राष्ट्रपति, उपराष्ट्रपति अनि प्रधानमन्त्रीहरु देशको संविधान विपरीतका कार्यहरु ? राजा र राजतन्त्र जाँदैमा सामन्ती संस्कार जाँदो रहेनछ र मौका पायो भने हरेक मान्छेले आफूलाई राजा बनाउन खोज्दो रहेछ भन्ने कुरा नेपालका तथाकथित गणतन्त्रका नेताहरुले चरितार्थ गरेर देखाउँदै छन् । नेपालका हिन्दु मठमन्दिरमा जहाँतहीँ हिन्दुहरुको लागि मात्र प्रवेश भनेर लेखिएको छ । त्यस्को विपरीत भारतका प्रधानमन्त्री राजीवकी इटालियन स्वास्नी सोनियाले पशुपतिमा प्रवेश नपाउँदा नेपाल दरबार र गान्धी परिवारबीच मनोमालिन्य शुरु भएको थियो । त्यही मनोमालिन्य बढ्दै गएर दरबार हत्याकाण्ड र वीरेन्द्रको वंश विनाशको कारक तत्व बन्न पुग्यो ।

संविधानसभाले बनाएको नेपालको वर्तमान संविधानअनुसार भोलि मुसलमान, क्रिश्चियन, बौद्धमार्गीहरु नेपालको राष्ट्रपति र प्रधानमन्त्री बन्न सक्छन । अनि उनीहरुले पनि त्यही संस्कारलाई निरन्तरता दिन खोजेमा के नेपाल सरकारले मन्दिरहरुबाट ' प्रवेश हिन्दुहरुको लागि मात्रै' भनेर लेखेको बोर्ड हटाउन सक्छ ? होइन भने धर्मनिरपक्षता भन्ने अनि धर्म सापेक्षता देखाउने ब्यवहार सरकारी कुर्चीमा बसेर गर्दा त्यो संविधान विरोधी कार्य हुन्छ कि हुँदैन ? धर्मनिरपेक्ष राष्ट्रले र नेताहरुले कस्तो कस्तो धार्मिक ब्यवहार गर्नुपर्दछ भन्ने कुरा नीतिनियमले तय गर्नुपर्दछ अन्यथा धर्मनिरपेक्षता भन्ने तर धर्मसापेक्षताको नौटंकी देखाउने प्रवृत्तिको अन्त्य हुँदैन । सामान्यतया धर्मनिरपेक्ष राज्यले निम्नानुसारको कार्य गर्नु पर्दछ :

१) राज्यले सबै धार्मिक विदा खारेज गर्नुपर्दछ । सबै चाडपर्वमा सरकारी कार्यालय खुलै रहनुपर्दछ । धर्म भनेको ब्यक्तिगत मानव अधिकार हो । तसर्थ निवदेनको आधारमा हरेक कर्मचारी चाहे ऊ हिन्दु बौद्ध, मुस्लिम क्रिश्चियन जे होस वार्षिक रुपमा अधिकतम कति दिन धार्मिक विदा लिन पाउने हो त्यो नियमानुसार स्वीकृति गराई लिन पाउने ब्यवस्था गर्नु पर्दछ ।

२) सरकारी सुविधा प्रयोग गरी धार्मिक चाड भन्दै मन्दिर, मस्जिद गिर्जाघर चहारेमा राष्ट्रपतिदेखि पियनसम्म कारवाहीमा पर्नुपर्ने नियम बनाउनु पर्दछ । जस्को कारण सरकारी साधनको दुरुपयोग धर्मको नाममा हुन नपाओस । इन्द्रजात्रा, भोटो देखाउने जात्रा, बुद्ध जयन्ती, इद, क्रिसमससमा ब्यक्तिले आफनो इच्छा अनुसार धार्मिक ब्यवहार देखाउने मिल्छ तर त्यसो गर्दा सरकारी पद, सुविधा, हैसियतले सहभागी हुने, सन्देश दिने कार्य पनि संविधान विरोधी कार्य हो त्यो पनि कानुनी रुपमा दण्डनीय हुनु पर्दछ ।

३) हिन्दु, बौद्ध, मुस्लिम, क्रिश्चियन मठमन्दिर संचालन गर्न भनेर गुठीको ब्यवस्था गरिएको छ । त्यस्ता गुठीको नाममा भएका जग्गाहरु सबै रैकरमा परिणत गर्नु पर्दछ । त्यसरी रैकर परिणत गर्दा जग्गाको मूल्य निर्धारण गरी गुठीले निश्चित प्रतिशत मोहीबाट असुल्ने र त्यसी असुलेको पैसा बैंकमा अक्षयकोषको नाममा मुद्दतीमा राखी त्यस्को ब्याजबाट त्यस्ता मठमन्दिर गुम्बा, गिर्जाघर संचालन गर्ने नियम बनाउनु पर्दछ । यसो गरेमा त्यस्ता धार्मिक सम्पदाको संचालन गर्ने जिम्मेवारीबाट पनि राज्य मुक्त हुन्छ ।

माथि भनिएका तीन बुँदाहरु कार्यान्वयनमा ल्याउन सकेमा मात्र देश साँच्चै धर्मनिरपेक्ष हुन जान्छ अन्यथा धर्मनिरपेक्षताको नाममा गरिने धर्मसापेक्ष नौटंकी र धर्मको नाममा राज्यको ढुकुटी दोहन गर्ने संस्कारको अन्त्य हुन सक्तैन । यस सन्दर्भमा भोलि खोइ कहाँ रह्यो धर्मनिरपेक्षता ? भनी प्रश्न गर्दा यथोचित जवाफ राज्यले दिन सकेन भने संविधान असफल नहोला भन्न सकिन्न ।

## सम्पादकीय

# पर्यटन क्षेत्रको विकासमा ध्यान पुऱ्याउँ

प्राकृतिक सौन्दर्यताको धनी मानिएको नेपाल सांस्कृतिक, धार्मिक दृष्टिकोणले पनि महत्वपूर्ण मानिन्छ । विश्वकै सर्वोच्च शिखर सगरमाथा लगायत दर्जनौं अग्ला हिमालको श्रृंखला, हिमालबाट पहाड हुँदै तराईतर्फ झर्ने थुप्रै नदीनाला, ताल, पोखरी, वनजंगल, वन्यजन्तु आदिले गर्दा नेपाल साँच्चीकै सुन्दर रहेको छ । यही प्राकृतिक सौन्दर्यताभित्र रहेका हाम्रा धार्मिक र सांस्कृतिक मूल्यमान्यता बोकेका पुरातात्विक महत्वका सम्पदाले नेपालको सुन्दरतामा थप चमक थपेको छ । नेपालको सुन्दरताको वर्णन सुन्ने विश्वका जोकोही पनि एकपल्ट नेपाल जाने इच्छा राख्छन् । तर हामीले हाम्रा सम्पदा र प्राकृतिक सौन्दर्यताको उचित सदुपयोग र संरक्षण गर्न नसक्दा विश्वकै दरिद्र राष्ट्रको सूचीबाट मुक्त हुन सकेका छैनौं । त्यसैले हामीलाई 'सुनको सिरानी हालेर नुनको खोजीमा लाग्नेहरू' पनि भन्ने गरिन्छ ।

हाम्रो देशको साँच्चीकै कायापलट गराउने हो भने पर्यटन क्षेत्रको प्रबर्द्धनबिना सम्भव छैन । भौगोलिक कठिनाइले ठूलठूला उद्योगधन्दा सम्भव देखिँदैन भने औद्योगिक उत्पादनमा प्रतिस्पर्धा गर्ने सामर्थ्य पनि हामीसँग छैन । त्यसैले पर्यटन उद्योगलाई विकास गरेर अघि बढेको खण्डमा लाखौं पर्यटक भित्र्याएर रोजगारी सिर्जना र राजस्व वृद्धिमा अतुलनीय योगदान पुऱ्याउने सम्भावना रहेको छ ।

तर हाम्रो व्यवहार र हामीले अपनाएका पर्यटनसम्बन्धी नीतिले पर्यटन प्रबर्द्धनलाई निरूत्साही बनाइरहेको छ । पर्यटकको पहिलो पाइला पर्ने काठमाडौं उपत्यका विश्वको भ्रमण गर्ने स्थानहरूमध्ये अग्रपंक्तिमा आउँछ । तर पर्यटकको लागि काठमाडौं उपत्यकाको धूलो, धूवाँ, फोहोरले सुरूमै तर्साउने गरेको छ । त्यसैगरी पर्यटकहरूलाई जथाभावी बिना योजना र मापदण्ड उठाइने शुल्कले पर्यटकको खर्च महँगो हुने गरेको गुनासो चौतर्फी रूपमा आइरहेको छ । पर्यटन व्यवसायीहरूले पनि जथाभावी शुल्क उठाउने गर्दा पर्यटन प्रबर्द्धनमा बाधा पर्ने सुझाव दिइरहेका छन् । काठमाडौं उपत्यकाभित्र र आसपास समेत थुप्रै पर्यटकीय गन्तव्य रहेका छन् । अहिले ती सबैमा स्थानीय सरकारले शुल्क वृद्धि गरेका कारण पर्यटकलाई घुमघाममा असुविधा भइरहेका समाचार सार्वजनिक भएका छन् । सरकारले वर्षमा बीस लाख पर्यटक भित्र्याउने योजना अघि सारे पनि सानातिना कुरा सच्याउनेतर्फ ध्यान नदिंदा त्यो पूरा हुन सम्भव देखिँदैन ।

पर्यटकको आगमन बढाउन सरसफाइ र स्वच्छ वातावरणलाई पहिलो प्राथमिकता दिनुपर्ने हुन्छ । केही समय विदेश बसेर नेपाल आएका नेपाली समेत यहाँको धूलो, धूँवा खप्न नसकेर बिरामी पर्छन् भने स्वच्छ वातावरणबाट एक्कासी प्रदूषित ठाउँमा आउनेहरूका लागि साँच्चीकै कठिनाइ झेल्नुपर्ने हुन्छ । पर्यटकलाई गाउँघरका सानातिना होटल, खाजा घरहरूमा समेत महँगो शुल्क लिएर ठग्ने गरेको समेत पाइन्छ । यस्ता कुराहरूको अनुगमन गर्न जरूरी छ । पर्यटकको बसाइ लम्ब्याउन नयाँ नयाँ पर्यटकीय गन्तव्यहरूको अध्ययन र खोजी गरी खुला गर्ने, भएका पर्यटकीय क्षेत्रको वातावरण र सम्पदा संरक्षणमा ध्यान दिने, पर्यटकीय स्तरका होटलहरूको विस्तार गर्ने गरेमा मात्र बसाइ लम्बिन सक्छ । त्यसैगरी रिभर ऱ्याफ्टिङ, हवाईखेलहरूको विस्तार साथै थप पर्यटकलाई मनोरञ्जन दिन स्थलहरूको विस्तार आवश्यक छ ।

अहिले विदेशी पर्यटकका साथै आन्तरिक पर्यटकहरू पनि बढ्दो क्रममा रहेका छन् । नेपालीहरूमा घुमघामको संस्कृति बढिरहेको छ । नेपालीहरू घुम्न विदेशका विभिन्न टुर प्याकेजहरूमा जाने गरेका छन् । यसरी विदेश जाने क्षमताका नेपालीलाई नेपाल भ्रमणका आकर्षक टुर प्याकेजहरू पनि नेपालको पर्यटन क्षेत्रले दिन सक्नुपर्छ । आन्तरिक र बाह्य दुवै क्षेत्रका पर्यटकको सेवा सुविधा बढाउने, बसाइ लम्ब्याउने योजनामा पर्यटन क्षेत्रले ध्यान दिन आवश्यक छ ।

# प्रसंग नारीको : हित सबैको (४)



**जगदीश लामिछाने**
रौतहट, पौराई

युग युगभरि देवी रुपमा मात्र युद्ध गरे । अरु बेला अपराध अपवादबाहेक युद्ध नै गरेनन् । तैपनि त्रेता युगको राम-रावण युद्ध र द्वापर युगको महाभारत युद्धमा सीता र द्रौपदी नारीले युद्धका प्रेरक हुन् भनी अपजस पाए । सम्पूर्ण युगमा नारी नै शक्ति स्रोत र प्रेरणा स्रोत रहे तैपनि छक्कापञ्जाले हो कि के हो मेरो शक्ति कम छ है भनिरहे । वैज्ञानिक विश्लेषणमा पनि पुरुष र नारी दुइटा भनी झगडा गरी मात्र रहेमा भत्काउनै नसकिने पर्खाल खडा होला र मानव जाति नै हराउला भन्ने डर भयो । नारीमा नयाँ संसार बनाउने उत्साह, स्न्हे र दया भएर होला प्रजननमा कष्ट सहेकै छन् । लालनपालनमा रुचि लिएकै छन् । सर्वत्र श्रद्धा पनि गरेकै छन् । यसै कारण त शिक्षा र स्वास्थ्यमा पनि प्रशस्त नारीले भाग लिएकै छन् । सबै नारीको परिश्रम निःस्वार्थ देखेर नै यिनलाई पुजनीय अर्थात् महिला भन्दछौं । यो गुणको बदला यिनलाई कसैले हेला, हिंसा र दुःख दिन पाइँदैन भनी सम्पूर्ण संसारले कानुनी र व्यावहारिक यथार्थमै रहनुपर्छ । यो सबैको कर्तव्य नै हो । यस्तो कर्तव्यको लागि पूर्ववैदिक र उत्तर वैदिक युगको फुर्को समाइरहन आवश्यक छैन । सबै युगका कलंकको लासबाट मानव हितकारी घोटी चौथी तयार गरौं ।

वास्तवमा सतलज र ब्रह्मपुत्रबीचको हिमवत खण्डको भौगोलिक र प्राणी शास्त्रकै अध्ययन गरिए पनि मानवले स्नेहमय हुनै कर लाग्छ । पछि पलाएका भेदजन्य विकृतिले कसैको भलो गर्दैन । किनभने गौरीश्वर तथा लक्ष्मीनाथ एउटै एउटै पो देखिन्छन् । उनीहरुका सन्तान सबै काखमा लिएका कुमार गणेशहरु हामीहरु नै हौं । विष्णुका नाभीबाट



समुद्रमा निस्केका ब्रह्माको सृष्टिले झन् यही पुष्टि गर्छ । ब्रह्मा, विष्णु र महेश्वर बालख गराएर खेलाउने महालक्ष्मी नै हुन् । यसै कुरामा 'एको ब्रह्मैव नापर' भन्ने अध्यात्म तत्वतिर नजाउँ । यो सिद्धान्त पनि आफ्नो ठाउँमा होला । यहाँ हामी मूल रुपमा नारीकै पर्खाल भत्काएर नारी पुरुष दुवै मिलेर शोषित र शोषकका कारणहरु खोज्ने गरेमा नारीकै कल्याण हुन्थ्यो कि ? अहिले उठिरहेका नारी पुरुष पीडादायी समस्याहरुको जरो अथवा कारणहरु के के छन् त्यतैतिर हेर्न पाए प्रसंग नारीको हित सबैको हुन्थ्यो कि ?

यी उपाय पौराणिक अतिवाद र श्रृंगार रस मर्मज्ञहरुका समेत दोष हटाउन काम लाग्छन् । नारी शिक्षाले गर्नुपर्ने काम पनि पूरा गर्दै जान पाइन्छ । 'सौन्दर्य के हो ?' प्रशाधन मात्र सौन्दर्य हो कि अरु पनि छ ? भन्ने नै हाम्रो शिक्षाले विशेष गरेर नारी जातिलाई दिएको शिक्षाले जवाफ दिनैपर्छ । नारी सौन्दर्यले दोस्रो पुस्ताको हित गर्नुपर्छ । अहित होइन । स्तनपान बच्चाले गर्न पाउँदा र आमाको अमूल्य सहयोगले यही प्रमाणित गरेकै छ । बच्चा बनाउने यन्त्र जस्तै महिला बनाइए भनी ठूलो खाले हल्ला गर्ने शिक्षित महिलाले आमा भएर विश्वको हित गर्ने दिन अइसकेका छन् । फ्रायडवादका खेलौना हुनेहरुले आफैंले मानव अहित गर्ने मौका शिक्षाले दिनै हुँदैन । शिक्षित महिलाले पनि लिनै हुँदैन ।

हामीले अब पूर्व वैदिक र उत्तर वैदिकका मात्र हैन पौराणिक तथा ढुंगे युगका पीडाहरुलाई हटाएर सित्तैमा पाइने दाइजो तथा तिलकले नारी झन् पीडित हुँदै गएका छन् भन्न सक्नुपर्छ । अरु कहालिलाग्दो नारीको पेटमै भ्रूणहत्याले संसारै पीडित भएको रोग हटाउनतिर लाग्नुपर्छ । शिक्षित बाबुआमाले मात्र हैन संसारका विकसित सरकारले पनि १४।१५ वर्षका किशोरीले बेनामी गर्भपतन गराए हुन्छ, नाम ठेगाना अस्पतालमा दिनु पर्दैन भनी अस्पतालमा लेख्न सरकारहरु नै किन बाध्य भए ? भन्ने कारण खोज्न प्रत्येक विदुषी नारी नै लाग्नुपर्छ । नेताहरुले त 'ट्याउँ ट्याउँ' भन्ने शब्द केपी ओली प्रधानमन्त्रीले र 'बलात्कार विपक्षीले बढाए' भन्ने पुष्प कमलले भनेर पार पाउँछन् । दुःख खप्ने त छोरीहरुले नै हुन् नारी नै हुन् हैन र ? यो विचार गर्न संसारमै ढिला भइसकेको छ ।

हाम्रो हिमवत् खण्डको सतलज र ब्रह्मपुत्रबीचको कौशिकी र गण्डकी वर्णनयुक्त देवीभागवतीय शारदीय स्तुतिपरक दुर्गाकवच तथा सप्तशतीमा नारी रुप दुरुपयोग हुन नदिन सचेत तात्पर्यमा राष्ट्र जोगाउने तरिका र सदाचार केन्द्रित छ । अकल्याणकारी कोखमै पैदा भए पनि बली र प्रल्हाद गुणले संसार परिवर्तन गर्न नारी मात्र सक्षम छ, त्यो वर्तमान शिक्षाले गऱ्यौं भने राम्ररी सकिन्छ । मुखले मात्र म समर्थ छु भनेर हुँदैन । अब हाम्रै नेपाल संस्कृत विश्वविद्यालयले विशुद्ध महिला विद्यालयहरु र उच्च विद्यालयहरु खोली शिक्षा र स्वास्थ्य अध्ययन गराउने कार्य सुरु गरेमा हजारौं गार्गी र मैत्रेयी नेपाली नै हुनेछन् । पर्यावरण समेतको माया गरौं । किनभने वन्यजन्तुहरु पनि नारी प्रधान नै छन् पुरुष प्रधान छैनन् । यो विदुषी नारी वर्गलाई थाहै छ । प्रत्येक शिक्षित नारीले पुजनीय अर्थात् महिला हुन पऱ्यो हैन र ?

## स्टालिन र माओको जीवनमा दृष्टि नपुगेका केही दूरगामी सवालहरू

मनसुन

# जोसेफ स्टालिन–२०

सत्रौं शताब्दीमा युरोपमा पुँजीवादी क्रान्ति भयो, जसमा बेलायत पहिलो मुलुक थियो । त्यसले कलकारखानाको तीव्र विकास र मालसामानहरूको प्रचुर उत्पादन गऱ्यो ।त्यसैले त्यसलाई बजारको आवश्यक पऱ्यो । तब त्यसले विश्वका ६ वटै महादेशहरू चहार्न थाल्यो र हजारौं मुलुकहरू आफ्नो कब्जामा पनि लियो । ब्रिटेन'कहिल्यै घाम नअस्ताउने साम्राज्य' कहलियो । त्यसले अठारौं शताब्दीको अन्ततिर भारतलाई आफ्नो उपनिवेश बनायो र क्रमशः त्यसका उपमहाद्वीपहरूलाई पनि । त्यसपछि त्यो चीनतिर पनि प्रवेश गऱ्यो र त्यहाँका कतिपय वाणिज्य केन्द्रहरू आफ्नो मुठीमा राख्न सफल पनि भयो ।

भारतमा अफिम खेती गर्ने र चीनमा लगी जनता लट्ठ्याउने अनि त्यहाँको सुन, चाँदी, रेशमी कपडा,चियाजस्ता अमूल्य कुराहरू मुठ्याउने काममा तथाकथित सभ्य मानिएको अङ्ग्रेजले तीव्रता ल्यायो । अङ्ग्रेजको यो जङ्गली व्यवहार चिनियाँ देशभक्तहरूलाई असह्यथियो । उनीहरूले ब्रिटेनका अफिमले भरिएका जहाजमाथि धावा बोले । जनताको दबाबमा परी सरकारले पनि सङ्घर्षमा भाग लियो । ब्रिटेन र चीनबीच सन् १८४० मा युद्ध भयो,जसलाई 'प्रथम अफिम युद्ध' भनिन्छ ।केही समयपछि युद्ध टुङ्गियो तर अफिमचाहिँ ब्रिटेनले लगि नै रह्यो ।

सन् १८४२ मा पुनः'दोस्रो अफिम युद्ध' भयो । त्यसबेला चिनियाँ देशभक्तहरूका नेता लिन चिस्वी थिए । चीनको तत्कालीन शासक भ्रष्ट भएकाले ब्रिटेनसामु त्यसले घुँडा टेक्यो, जसबाटचीनले ठूलो क्षति बेहोर्नुपऱ्यो ।चीनको कमजोर अवस्थामा ब्रिटेन, फ्रान्स, जर्मनी, रूस, जापानजस्ता पन्ध्रभन्दा बढी साम्राज्यवादीहरूले चीनका कैयौं वाणिज्य केन्द्र र बन्दरगाहहरू नियन्त्रणमा लिए । सन् १८५३ मा 'हुङ स्यु छेन' नाउँको एक वीर पुरूषको नेतृत्वमा चिनियाँ देशभक्तहरूले सशस्त्र विद्रोह गरे । थाइपिङबाट सुरूभएको त्यो विद्रोह 'स्वर्गीय थाइपिङ युद्ध' भनी प्रसिद्ध छ । मुक्ति र स्वाधीनताले प्रेरित त्यो विद्रोहको प्रभाव मुलुकका कैयौं ठाउँमा फैलियो । तर राजनीतिक, सैन्य र प्रशासनिक कमजोरीले विद्रोहसशक्त रूपले अगाडि बढ्न सकेन ।फेरि राजतन्त्र र तमाम साम्राज्यवादीहरूले संयुक्त सैनिक गठबन्धन गरीविद्रोहीहरूमाथि लगातार घेराउ र दमन अभियान चलाए ।सन् १८६५ सम्म लाखौं विद्रोहीहरू मारेर थाइपिङ युद्ध निर्ममतापूर्वक कुल्चिए । सन् १८७२ मा 'इ हो स्वान' युद्ध भयो र १८९८ मा सुधार आन्दोलन भयो । तर ती सबै युद्ध र आन्दोलनहरूमा राजतन्त्र र साम्राज्यवादीहरूको संयुक्त मोर्चाले विद्रोहीहरूमाथिको भीषण हमला गरे ।हुन त विद्रोहीहरूका पनि आफ्नै आन्तरिक कमीकमजोरीहरूले क्रान्ति कहिल्यै विजयको शिखरमा पुग्न सकेन । तथापि ती ऐतिहासिक घटनाहरूले भावी सन्ततिलाई मुक्ति र स्वाधीनताका निम्ति उज्यालो बाटो देखाइरहे ।

सन् १९११ को क्रान्तिले मात्र चीनको मङ्चु वंशीय राजतन्त्र उखेलियो । तत्कालीन क्रान्तिका नेता डा. सन यात सेन थिए, त्यसैले नवगठित सरकारका राष्ट्रपति उनै चुनिए ।सन यात सेन सच्चा देशभक्त नेता त थिए तर सामन्तवाद र साम्राज्यवादले जरा गाडेको चिनियाँ भूमिबाट तमाम प्रतिक्रियावादी–प्रतिक्रान्तिकारीको' जरोकिलो' उखेल्न सजिलो थिएन ।उनी पनि असफल भए । सामन्त, जमिनदार वर्ग र साम्राज्यवादीहरूको आडभरोस पाई सैन्य प्रमुख थ्वान स खाएले सन् १९१५ मा स्वयंलाई बादशाह घोषणा गऱ्यो । चीनको आन्तरिक अवस्था डामाडोल भयो ।त्यहीकारण तमाम प्रतिक्रियावादीहरूले चीन र चिनियाँ जनतामाथिको लुट निर्धक्कपूर्वक जारी राखे ।

(क्रमशः)

# मैले देखेको अड्सठ्ठीऔं विश्व सम्पदा :
# टाम्पेरेको भाप्रिकी म्युजियम

सुरेन्द्र ढकाल



अगाडिबाट हेर्दा म्युजियम भवन यस्तो देखिन्छ



म्युजियमभित्रको मिनरल संग्रहालय

टाम्पेरेको क्याथेड्रल अवलोकन गरिसक्दा दिनको ११ बजेको थियो । त्यो दिन मेरो टाम्पेरे बस्ने कुनै योजना थिएन । त्यसपछिको मेरो गन्तब्य भनेको आधा रातमा सूर्य देखिने फिनलैण्डको उत्तरी भेगको अन्तिम शहर केमीयारभी थियो । दिउँसो २ बजेको ट्रेन लिएर रोभिनियमी हुँदै केमीयारभी पुग्न ५ घण्टा रेल चढनुपर्ने रहेछ । तीन घण्टा टाम्पेरेमा मलाई अझै बिताउनु थियो । त्यसै कारण लागेँ म टाम्पेरेको भाप्रीकी म्युजियम हेर्नेतर्फ ।

**भाप्रीकी म्युजियम**

भाप्रीकी म्युजियम टामेरकोस्कि नदीको किनारमा रहेको ताम्पेल्ला भन्ने ऐतिहासिक केन्द्रमा रातो इँटाले बनेका भवनमा रहेछ । यो प्राकृतिक इतिहास संग्रहालय म्युजियम रहेछ । यस म्युजियमभित्र १० विभिन्न वस्तुहरुको संग्राहलय रहेछ जस्मा मेडिया म्युजियम रुप्रिक्कि, मिनरल (खानी सम्बन्धी) म्युजियम, हक्कि हल, डल (पुतली) म्युजियम, पोस्टल (हुलाक म्युजियम), गेम्स (खेल) म्युजियम, युद्ध संग्रहालय आदि रहेछन ।

नियमित प्रदर्शनीको अतिरिक्त हरेक वर्ष यहाँ इतिहास, प्रविधि र प्राकृतिक विज्ञान जस्ता विधामा अतिरिक्त प्रदर्शनी पनि आयोजना हुने कारणले गर्दा यहाँ नियमित दर्शकको अलावा विधासँग जोडिएका विज्ञ, वैज्ञानिकहरुले त्यस्ता प्रदर्शनीको अवलोकन गर्नुको साथै सहभागी पनि हुँदा रहेछन् ।

टाम्पेरे शहरलाई पूर्वको म्यानचेष्टर मान्ने कारण यो पूर्वी र पश्चिम युरोपको संगमस्थल रहेछ । त्यही कारण यहाँ पर्यटकहरुको घुइँचो लाग्दो रहेछ र टाम्पेरे आउने पर्यटकहरुले यो म्युजियम अवलोकन गर्न सामान्यतया छुटाउँदा रहेनछन । म्युजियमभित्र रहेको सबै संग्रहालयहरुको सरसरती अवलोकन गर्दा दुई घण्टा बितेको पत्तै हुँदो रहेनछ । खानको लागि त्यहीँ भित्र रेष्टुरा पनि भएको र पारिवारिक रुपमा पिकनिक पनि गर्न पाइने कारण यस म्युजियम र यसको परिसर टाम्पेरेका जनताको लागि मात्रै मनोरञ्जन र ज्ञानको केन्द्रविन्दु नभै पूरै युरोपको आर्कषणको केन्द्र रहेछ ।



म्युजियमभित्रको गेम म्युजियम



म्युजियमभित्रको मिडिया संग्रहालय



म्युजियमभित्रको पुतली संग्रहालय



म्युजियमभित्रको युद्ध संग्रहालय

# गोर्खा सैनिकका सन्ततीको प्रदर्शन

गोर्खा सैनिकका सन्ततीले हङकङमा बेलायतविरुद्ध प्रर्दशन गरेको छ । गोर्खाका सन्तानले बेलायती नागरिकता र राहदानी दिन ढिलाइ गरेको भन्दै बेलायती राजदुतावास अगाडि प्रदर्शन गरेका हुन् ।

उनीहरुले १५ दिने अल्टिमेटमसहित चार बुंदे ज्ञापनपत्र पनि बुझाएका छन् । उनीहरुले बेलायती राहदानी पाउन ४ वर्षको अवधि लाग्ने गरेको बताउँदै छिटो पाउनु पर्ने माग गरेका छन् । गोर्खा सैनिकका छोराछोरी वा नातिनातिनाले सो प्रदर्शन गरेका हुन्।

उनीहरु मध्ये अधिकांशले बेलायती नागरिकता लिइसके पनि पासपोर्ट पाएका छैन् । कतिपयका बाबुआमा बेलायती भए पनि छोराछोरीलाई नागरिकता दिइएको छैन । एक जना प्रदर्शनकारी, ४५ वर्षीया शिव कुमार राई गोर्खाका छोरा हुन् ।

उनले ब्रिटिस राहाधानी पहिले नै पाएका छन् । जुन बेला पनि बेलायत भ्रमण गर्न सक्छन् । तर ब्रिटिश अधिकारिकहरूले अझै पनि आफ्नी छोरी निषेध राईलाई पासपोर्ट दिएको छैन् । छोरीले यसकारण हङकङ बाहिर यात्रा गर्न सकेकी छैनन् ।

प्रदर्शनकारीले ब्रिटिस पासपोर्टको बिना आफुहरूलाई ‘‘हङकङका कैदी’ को रूपमा वर्णन गरेका छन् । उनीहरूले बेलायती कर्मचारीले आफूहरूसँग अत्यधिक कागजात माग राखेको, ढिलासुस्ती गरेको, अल्झाएको, भेदभाव र अपमान गरेको आरोप लगाएका छन् ।

उता बेलायती वाणिज्य दूतावासका महानिर्देशक मार्क थम्सनले भने गोर्खा सैनिकले राहदानीका लागि झुटो नाता कायम गर्ने प्रयासले ढिलाइ भएको आरोप लगाएका छन् ।

SOS MANPOWER SERVICE (P) LTD.
www.sosmanpower.org
विश्वसनीय र भरपर्दो वैदेशिक रोजगारक लागि हामीलाई सम्झनुहोस्
ISO 9001
Handphone : 9851024628
G.P.O. Box : 3565, Dhapasi, Kathmandu, Labour Dept. Lic. No. : 80/052/53
Tel : 01 4365986 Fax : 01 4365985, Email : sosierra@wlink.com.np

दाँते सोसाइटी नेपाल
नयाँ बानेश्वरमा इटालियन, अंग्रेजी र जर्मन भाषा सिकी आत्मनिर्भर बनौं ।
फोन : ९८५१०२३६७०, ४४९१८१२

Office Equipment Problems?
Get your solution today!
CrossWeb Office Automation Pvt. Ltd.
sales - service - support
happy to help
Same day service including:
:: Selection of Office Equipment
:: Sales & Services of Office Equipment
:: Network Setup and CCTV Surveillance Installation
:: Sales & Services of EPABX & Security Equipment
:: Data Backup and Recovery
:: Server & client configuration etc.
Our qualified technicians guarantee all of our work and parts.
Call us today for free advice and estimates
977 1 4444531, 4444532, 9851051003
E-mail: crossweb@mail.com.np; www.crossweb.com.np/contact
https://www.facebook.com/crossweb.automation.3

नेपाल र नेपालीको समुन्नत भविष्य निर्माणको जिम्मा हामी नेपालीकै हो । त्यसैले हामीमा भएको अपार क्षमताको सदुपयोग गरौं ।
नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

# पिपलको पातको महत्व



हाम्रो समाजमा पिपलको पूजा गरिन्छ । धार्मिक विश्वासअनुसार लक्ष्मीको श्रापका कारण विष्णु भगवानले एकपटक वनश्पती बन्नु परेको थियो । जहाँ उनी पिपल बनेर जमिनमा उम्रिएका थिए ।तर वैज्ञानिक दृष्टिकोणले पनि पिपलको महत्व कम छैन । यो मात्रै यस्तो बनस्पती हो, जो २४ घण्टा अक्सिजन दिन्छ । पिपलका पातलाई धेरै प्रकारका औषधि बनाउन प्रयोग गरिन्छ ।

**मुटुसम्बन्धी रोगको औषधि**

पिपलको पातले मुटुसम्बन्धी रोगबाट बचाउँछ । यसका लागि पिपलका १५ ओटा ताजा पातहरु १ लिटर पानीमा उमाल्नुहोस् । त्यसलाई तबसम्म उमाल्नुहोस् जबसम्म १ लिटर पानी घटेर त्यसको तेस्रो हिस्सा नहोस् । त्यसपछि त्यसलाई चिसो बनाएर छान्नुहोस् । उक्त अर्धतरल पदार्थलाई तीन भागमा बाड्नुहोस् । त्यसपछि विहान ३ घण्टाको फरकमा खानुहोस् । हरेक दिन यस्तो गर्नाले तपाईलाई मुटु सम्बन्धी रोगको खतरा कम हुने छ । दाँतका लागि बलियो र सफा तथा सेता दाँतका पनि पिपलको प्रयोग गर्न सकिन्छ ।

पिपलको पातसँगै जोडिएको कमलो डाँठलाई दाँतुनको रुपमा प्रयोग गर्नुहोस् । यस्तै १० ग्राम पिपलको बोक्रा र २ ग्राम कालो मरिचलाई राम्रोसँग पिसेर बनाएको मन्जनले दाँत माँझ्दा दाँत तथा मुखसम्बन्धी धेरै समस्याबाट छुटकरा पाइन्छ ।

**दमका रोगीको लागि बुटी**

लगातार खोकी रहने (दम)को रोगीका लागि पिपलको रुख एक औषधिको रुपमा काम गर्छ । यसका लागि पिपलको पातसँगै जोडिएको कमलो डाँठको बोक्रा निकालेर भित्रको भाग घाममा सुकाउनुहोस् । त्यसको चूर्ण बनाएर दम रोगबाट ग्रसित बिरामीलाई मनतातो पानीसँग पिउन दिनुहोस् । तीन महिनासम्म नियमित रुपमा यस्तो चूर्ण सेवन गरे दम रोग पूर्ण रुपमा निको हुन्छ ।

**रुघा-खोकीको अचूक औषधि**

मौसममा आउने बदलीका कारण हुने सर्दी, खोकी तथा रुघाबाट राहात पाउन पिपलको पातको प्रयोग गर्नुहोस् । पिपलका ५ ओटा पात सफा पानीले पखालेर दुधसँग उमाल्नुहोस् । यसमा चिनी हालेर बिहान र साँझ पिउने गर्नुहोस् । दुई दिनमै तपाईको रुघा-खोकी ठीक हुने छ ।

**निमोनियामा राहत**

निमोनियाबाट ग्रसित व्यक्तिले पिपलको पातको जुस बनाएर पिउँदा धेरै राहत पाउँछन् ।

# तुलसीको औषधीय गुण



काठमाडौं । कम समय र कम लागतमा राम्रो आम्दानीको विकल्पको खोजीमा रहेकाहरुका लागि मेडिसनल प्लान्ट (औषधीय गुण भएका वनस्पति) को खेती तथा व्यापार निकै लाभदायक हुन्छ ।

यस्ता प्लान्टको खेतीका लागि न त ठूलो फर्मको आवश्यकता पर्छ, न त ठूलो लगानी नै आवश्यक पर्छ । यी वनस्पतिहरुको खेती तपाईले लिजमा जमीन लिएर समेत गर्न सक्नुहुन्छ ।अधिकांश औषधीजन्य वनस्पति ३ देखि ६ महिनाभित्र तयार हुन्छ । यसपछि यी वनस्पतिबाट लगातार आम्दानी हुन्छ । यदि तपाईले तुलसीको खेती गर्नुहुन्छ भने २० देखि ४० हजारसम्मको लगानीमा तपाईले केवल ३ महिनामा ४ देखि ६ लाख रुपैयाँसम्म आम्दानी गर्न सक्नुहुन्छ ।

३ महिनामै तयार हुन्छ । तुलसीलाई हिन्दूहरुले विशेष गरी धार्मिक दृष्टिकोणले महत्वपूर्ण ठान्छन् । तुलसीको पूजा गर्नु, मानिस मरेलगत्तै तुलसीको मोठमा लगेर शवलाई राख्नु लगायतले समेत यो वनस्पति कति महत्वपूर्ण छ भन्ने देखिन्छ । धार्मिक मान्यता अनुसार तुलसीको जति महत्व छ, यसको औषधीय गुणका कारण बजारमा अझ ठूलो महत्व र डिमाण्ड छ ।

लामो समयदेखि धेरै औषधि उद्योगहरुले तुलसीबाट उत्पादन हुने तेललाई विभिन्न औषधीहरुको निर्माणमा प्रयोग गरिरहेका छन् । तुलसीको खेती चैत वा बैशाखबाट सुरु गर्न सकिन्छ । यसको खेती बिज वा हाँगालाई कलमी गरेर समेत गर्न सकिन्छ । एक हेक्टरमा यसको खेतीका लागि लगभग १० किलोग्राम जति बिउको आवश्यकता पर्छ । तुलसीको बोट निकै कठोर हुन्छ, जसका कारण सानातिना रोगले यो वनस्पतिलाई छुन सक्दैन । रोपेको ८० देखि ९० दिनसम्म तुलसी बिक्रीका लागि तयार हुन्छ ।

२० देखि ४० हजारसम्म मात्र लगानीस् एक अध्ययन अनुसार तुलसीको खेती २० देखि ४० हजार रुपैयाँसम्म गर्न सकिन्छ । यो बजेटमा केही घटबढ ठाउँ र सिंचाई तथा अन्य बिषयको सहजताको हिसाबले पनि हुनसक्छ । तुलसीको राम्रो बिउ नेपाल र भारतका विभिन्न बजारहरुमा पाइन्छ । रोग तथा किराहरुको कम आक्रमण हुने भनी पहिचान भएको तुलसीको प्रजातिको खेती गर्न सकियो भने अझ बढी फाइदा हुन्छ। थोरै खर्च र छोटो अवधिमा तुलसीको खेतीबाट धेरै राम्रो आम्दानी हुने जानकार बताउँछन् ।

४ देखि ६ लाखसम्म आम्दानीस् तुलसीको खेतीबाट दुई प्रकारका उत्पादन गर्न सकिन्छ। पहिलो बिउ र दोश्रो पात । यसको बिज उत्पादन गरेर समेत बिक्री गर्न सकिन्छ भने पातबाट तेल निकालेर राम्रो कमाई गर्न सकिन्छ । एक हेक्टर क्षेत्रफलबाट लगभग १२० देखि १५० किलोग्रामसम्म तुलसीको बिउ उत्पादन गर्न सकिन्छ ।

राम्रो बाली छ भने एक हेक्टर क्षेत्रफलबाट १७० देखि २ सय किलोग्रामसम्म पातबाट तेल निकाल्न सकिन्छ । तुलसीको बिउ प्रतिकिलो ४ सय रुपैयाँसम्म बिक्री हुन्छ । यस्तै, तेलको मूल्य अहिलेको समयमा प्रति किलोग्राम १३ सयसम्म रहेको छ । यदि थोरै मात्र आम्दानी भयो भने पनि एक हेक्टरबाट ३ महिनामै ४ देखि ६ लाख रुपैयाँ आम्दानी गर्न सकिन्छ ।

यी वनस्पतिको पनि उच्च डिमाण्डस् चीनपछि भारत दोश्रो देश हो, जहाँ जडीबुटीको बिषयमा निधै धेरै रिसर्च हुन्छ । यहाँको बजार समेत निकै ठूलो छ । छिमेकी देशको यो बजारलाई टार्गेट गरेर औषधीजन्य वनस्पतिहरुको खेती गर्न सकिए अझ फाइदा लिन सकिन्छ। नेपालकै औषधी उद्योगहरुलाई आपूर्ति गर्ने हिसाबले समेत तुलसी लगायतका औषधीय गुण भएका वनस्पतिहरुको खेती गर्न सकिन्छ ।

visit nepal 2020 Lifetime Experiences

पर्यटन

# पर्वतारोहणको आकर्षण साइपाल




साइपाल आरोहण गर्ने चार बझाङ्गी चेलीसहित ३७ जनाको टोली चैनपुरबाट साइपाल हिमाल तर्फ हिँडेको छ । शनिवार बिहान चैनपुरमा उनीहरुलाई खादा, फूलमाला र टिका लगाएर सफल आरोहरणको शुभकामना दिँदै बिदाई गरिएको हो। जयपृथ्वी नगरपालिका मेयर विरेन्द्र खड्का, नेपाल पर्यटन पत्रकार संघ एन्टोज उपाध्यक्ष बसन्तप्रताप सिंह, नेपाल पत्रकार महासंघ बझाङका जगदिश रोकाया लगायतले उनीहरुलाई बिदाई गरेको हो । सुदूरपश्चिममै पहिलो पटक हुन लागेको आरोहणमा ४ जना बझाङ, १२ जना विदेशी र अन्य गरी ३७ जनाको टोली शनिवार बिहान ९,३० बजे पत्रकार सम्मेलन गरी साइपाल हिमाल आरोहण गर्ने उद्देश्यकासाथ हिँडेको छ । यीनीहरु मध्ये १५ जनाले साइपाल हिमाल आरोहण गर्नेछन् भने बाँकी बेस क्याम्प बस्नेछन् । शनिवार बिहान चैनपुरबाट हिँडेको यो टोली चार दिन लगाएर साइपाल हिमालको बेस क्याम्पमा पुग्नेछ भने आरोहण गर्न १२ दिन लाग्ने भाटले जानकारी दिए । उनका अनुसार आरोहणकै लागि ३५ दिन लाग्ने अनुमान गरिएको छ । अहिले पश्चिमी हिमालहरुमा मौसम प्रतिकुल हुने भएकाले मौसमी अफठ्यारो नहुने भाटले जनाए । अक्टोबार १७ मा हिमाल आरोहण गर्ने लक्ष्य भएपनि विदेशबाट हिमाल आरोहण लगायतका सामाग्री आउन समय लागेकाले केहि दिन ढिला आरोहण हुन लागेको मिसन साइपाल अभियानकर्मी तथा फिलिम्का निर्देशक भोजराज भाटले रेडियो साईपाल पोष्टलाई जानकारी दिए। सो आरोहणलाई समेटेर डेढ करोड लगानीको फिल्म पनि बन्ने भएको छ । जसको नाम मिसन साइपाल रहनेछ भने यो फिल्मलाई विदेशमा प्रदर्शन गरिनेछ । साइपाल आरोहणले अग्ला तथा टाकुरामा विशेष गरी महिलाले जानु हुँदैन भन्ने मान्यताको अन्त्य गर्नेछ भने संसारकै प्रख्यात आरोहीहरूलाई यस अभियानमा सहभागी गराएर ७ नम्बर प्रदेशलाई विश्वसामु चिनाउने यसको मुख्य लक्ष्य छ । पहिलो पटक चलाइएको यो अभियान केही चुनौतीपूर्ण त अवस्य छ नै तर यसले प्रदेश ७ विशेष गरी बझाङलाई सम्भावनाको ढोका खोल्ने पक्का छ । महिनावारी भएका महिला अथवा उनीसँग लसपस भएको पुरूषले हिमालको आसपास पुगे मात्रै पनि विराजमान देवता रिसाउँछन् र घरपरिवारमा ठूलै अनिष्ट हुन्छ भन्ने अन्धविश्वास रहेको छ। यही मानसिकताले गर्दा हिमालको सौन्दर्यले मन्त्रमुग्ध भए पनि स्थानीयले चढ्ने साहस गर्दैनन्। हिजोआज हिमाल चढ्ने कुरा सामान्य भइसक्यो। अन्धविश्वासले गाँजिएको समाजका अगाडि छोरीले पनि अवसर पाए चुनौती चिर्दै सफलताको शिखर चुम्न सक्छन् भन्ने देखाउनु चारै जनाको संकल्प हो। यसअघिसम्म नेपाल पर्यटन विभागको आधिकारिक जानकारीमा सरकारको इजाजत लिएर कसैले पनि साइपाल आरोहण गरेका छैनन् । दक्षिणी मोहडाबाट साइपाल चढ्न निकै गाह्रो रहेको लेखहरूमा पढ्न पाइन्छ ।यही मोहडाबाट साइपाल चढ्ने चेलीहरूले हिम्मत कसेको छैन्। मिसन सफल भएमा उनीहरू आधिकारिक रूपमा साइपाल चढ्ने पहिलो त हुने नै छन् । हिमाल आरोहणको ढोका उघार्ने पहिलो बझाङ्गी पनि हुनेछन् । साइपाल प्राकृतिक सौन्दर्य र पर्यटकीय सम्भावना हिसाबले पनि धनी छ । तर राष्ट्रिय मुलधारमा खासै चर्चामा छैन । नेपालको पर्यटन उद्योग काठमाडौं र पोखरा उपत्यका, चितवन, खुम्बु र अन्नपूर्ण क्षेत्रमै सीमित छ । नेपालमा विदेशी पर्यटक वर्षमा १० लाख जति आउन थालिसके, तर साइपाल क्षेत्रमा मुस्किलले एक दर्जन पनि पुग्दैनन् । उनीहरू यहि अक्टोबर २४ मा बेसक्याम्प जानेछन् र साइपालमा ३५ दिन बिताउँनेछन्। साइपाल आरोहणमा चासो देखाउने १५ मध्ये उत्कृष्ट चारमा छनौट भएका यी चेलीहरूको नाम छनौट भएको हो । विश्व विख्यात आरोही डा। जर्ज, एडुर्ने पासावनसँगै आरोहण गर्ने मौका पनि पाएका छन् । डा. जर्ज इगोसिगा र एडुर्ने पासावन संसारका आठ हजारभन्दा माथिका १४ वटै हिमाल चढिसकेका व्यक्ति हुन् । अझ महिलामा यी १४ वटा हिमाल चढ्नेमा अहिलेसम्म एडुर्ने एकमात्र पहिलो नाम हो । डा. जर्ज र एडुर्नेसँगै अन्य १२ जना प्रख्यात आरोही पनि यस अभियानमा सामेल हुँदैछन ।

कविता

# तिमी ठोक



● प्रेम ओली (ढकलपुरे)

जे मन लाग्छ ठोक
जस्तो मन लाग्छ ठोक
हामी पनि के कम ?
मन लागे कमेन्ट पोखौंला
नभए लाइक ठोकौंला
सोझो कुरालाई पनि बंग्याएर हाल
रिस उठेकालाई दङगाएर हाल
कुखराको जस्तो कपाल रंगाएर हाल
सुङगुरले जस्तो ओठ बंगाएर हाल
सक्छौ भने अझ आफुलाई नंगाएर हाल
अफिसको कामै छोडेर भए पनि
सके कमेन्ट पनि पोखौला
नभए लाइकका लाइक ठोकौला ।

जनताको काम छुटेछ भने पनि के भो र
आज नभए भोलि आउँछन्
यो बिरोजगारीको देशमा तिनीहरुले पनि
कमसेकम अफिस धाउने  काम त
पाउछन
आफ्नी श्रीमतिलाई मिस गरेको हाल
प्रेमिका छ भने किस गरेको हाल
मन नपरेकलाई रिस गरेको हाल
रिस उठेकोलाई  ठिस  गरेको हाल
कमसेकम फेस बुक आएपछि
हामीले एउटा काम पाका छम
कतै कै गर्न न पाए पनि
फेस बुकमा ठाम पाका छम

मैले कमेन्ट गरे भनेर तिमीसँग कमेन्ट
माग्दैन
तिमीले लाइक नगरे रिसाएर म भाग्दैन
पसलमा ग्राहक आएछन भने पनि
बरु तिनीहरुलाई एक छिन रोकुला
तिम्रो वालमा लाइकका लाइक ठोकुला ।
जुगा पलाको हाल
बारीमा फर्सी भ्यान्टा फलाको हाल
अरु के के पलाको छ हाल
फेस बुक नभएको भए
मनको कुरा बेलुनझै फुलिन्थ्यो
कति युवा बरालिएर झ्यालखानामा थुनिन्थ्यो
फेरि चौबिसै घण्टा फेसबुकमा टासिए पनि
हामी कम्ती धर्म कमा छाम
एउटा गरिबको फेसबूक चलाई दिएर
यसलाई अरबपती त बना छम ।

# महर्षि वाल्मीकिका अनमोल वचन



महर्षि वाल्मीकि, जो रामायणका रचियता हुन् । पुराण अनुसार उनको जन्म नागा प्रजातिमा भएको थियो । ऋषिमुनि बन्नुअघि उनी एक डाकु थिए । त्यसबेला उनलाई रत्नाकर भनेर चिनिन्थे । भनिन्छ, वाल्यकालमा उनलाई एक निसन्तान दम्पतीले चोरेका थिए । उनीहरुकै काखमा रत्नाकर हुर्किए । जवान भएपछि रत्नाकरले विवाह गरे । विवाहपछि नै हो उनी कुकर्ममा लागेको । परिवारको पालन(पोषण गर्न रत्नाकरले डकैती गर्न थाले ।

एक पटक उनले जंगलको बाटो हुँदै कतै गइरहेका साधुहरुको समुहलाई हत्या गर्ने धम्की दिए । साधुले उनलाई 'यो सबै पाप काम किन गरिरहेका छौं' भनेर सोधे । रत्नाकरले आफ्नो र परिवारका गुजाराका लागि यस्तो काम गरेको बताए । तब साधुले उनलाई सम्झाए, 'पाप कर्म तिमी गर्दैछौं, त्यसको सजाय पनि तिमी एक्लैले भोग्नुपर्छ । तिमी आफ्ना परिवारलाई सोध, के उनीहरुले तिम्रो यो पापको दण्ड साझेदार गर्नेछन् ?'

भनिन्छ, यही विन्दुमा आइपुगेपछि रत्नाकरले आफ्नो कुकर्म त्यागे । र, सत्यको वाटो रोजे । उनी पाप मोचनका लागि नदि तटमा बसेर तपस्या गर्न थाले । जब रत्नाकर डाकु महर्षि वाल्मीकि भए

एक पटक उनले देखे कि, शिकारीले भाले सारसलाई मारेको । भाले मारिएपछि पोथी सारस विलाप गरिरहेको । सारसको मादक विलाप सुनेपछि वाल्मीकिको मनमा करुणा जाग्यो । उनी अत्यान्तै दुखी भए । त्यो दुखको क्षणमा अनायसै उनको मुखबाट एक श्लोक निस्कियो, 'मां निषाद प्रतिष्ठां त्वमगमः शाश्वतीः समा । यत्क्रौंचमिथुनादेकम् अवधीः काममोहितम् ॥

अर्थात जुन दृष्टले यो घृणित कार्य गरे, उसको जीवनका कहिल्यै खुसी मिल्नेवाला छैन । त्यस दुष्टले प्रेममा लिप्त पक्षीलाई वध गरे ।' यस श्लोकसँगै वाल्मीकिलाई एक अलग ज्ञान प्राप्तिको अनुभव भयो । त्यसपछि उनले 'रामायण' जस्ता प्रशिद्ध महाकाव्य रचना गरिन् । त्यसलाई आम भाषामा 'वाल्मीकि रामायण' भनिन्छ । यसकारण वाल्मीकिलाई प्राचीन भारतीय महषि मानिन्छ ।

ऋषि वाल्मीकिद्वारा रचिएको रामायण एक यस्तो महाकाव्य हो, जसले रामको जीवनकथा पेश गर्छ । रामको माध्यामबाट यसले सत्यनिष्ठा, पिता प्रेम, कतर्व्य पालन, भाई(वन्धुसँगको प्रेम(वात्सल्य, सत्य र न्यायको धर्म आदिबारे प्रेरणा दिन्छ । रामायणको अनेक घटना घट्ने क्रममा सूर्य, चन्द्र र अन्य नक्षत्रको स्थिती कस्तो थियो भनेर उनले वर्णन गरेका छन् । यसबाट थाहा हुन्छ कि, उनी ज्योतिष विद्या एवं खगोल शास्त्रका पनि प्रकाण्ड ज्ञाता थिए ।

**वाल्मीकिको अनमोल वचन**

- यस संसारमा दुर्लभ चिज केही छैन, यदी उत्साह छाडिएन भने
- अहंकार मानिसको सबैभन्दा ठूलो सत्रु हो, त्यसले सुनको हारलाई पनि माटो बनाइदिन्छ ।
- इच्छाशक्ति र दृढसंकल्पले मानिसलाई रंकबाट राजा बनाइदिन्छ ।
- प्रियजनलाई पनि मोहवश अत्याधिक प्रेम गर्न थालियो भने यश हराउँछ ।
- दुख र विपद, जीवनको यस्तो दुई पाहुना हुन्, जो विना निम्तो आउन सक्छन् ।
- संसारमा यस्ता व्यक्ति धेरै कम हुन्छन्, जो कठोर तर हितको कुरा गर्छ ।
- कुनै वचन तोड्नाले अरु सबै सत्य कर्म पनि नष्ट हुन्छ ।
- संघर्षले नै मानिस महान बन्छन् । यदि जीवनमा अगाडि बढ्ने हो भने संघर्ष गर्न जरुरी छ । - असल व्यक्ति अरुलाई दुखबाट मुक्ति दिलाउन आफु दुख सहन्छ । तर, दुष्ट व्यक्ति अरुलाई सधै दुखमा पार्नका लागि प्रयासरत हुन्छन् ।
- नीच व्यक्तिको नम्रता पनि अत्यान्त दुखदायी हुन्छ, जसरी अंकुश, धनुष, सर्प र बिरालो झुकेर आक्रमण गर्छ ।
- कसैप्रति दुषित भाव राख्दा आफ्नै मन मैलो हुन्छ ।

# युवकको फरक र असहज काम



विष्णु भट्टराई

पहिलोपटक मलाई निकै असहज लागिरहेको थियो । केही संकोच केही अनौठोपन । जुन काम गर्दै थिएँ न मेरो समाजले पचाउन सक्ने थियो न त्यसबारेमा परिवारलाई सुनाउन सक्थेँ । मेरो काम नजिकका केही साथीका बीचमा मात्रै सीमित थियो । आफ्नै कोठाभित्र बसेर हस्तमैथुन गर्नु र शुक्राणु बेच्नका लागि तयार हुनु ।

त्यो एउटा फरक र असहज काम थियो जुन म गर्दै थिएँ । शौचालयमा एउटा प्लास्टिकको भाँडामा मेरो नाम लेखिएको थियो । हस्तमैथुनपछि मैले शुक्राणु त्यही छाडेँ र त्यसबापत चार सय भारु लिएँ । अहिले म २२ वर्षको भएँ र म इन्जिनियरिङको विद्यार्थी हुँ ।

यो उमेरमा केटीसाथीको चाहना हुनु र यौन आकर्षण हुनु स्वाभाविक नै हो । तर, म जे गर्दै थिएँ त्यो नितान्त फरक काम थियो । त्यो पनि पैसाका लागि । म जुन सहरबाट आएको हुँ त्यहाँ बिहेअघि केटा मान्छेले शारीरिक सम्बन्ध बनाउन सजिलो छैन । त्यसलाई अस्वाभाविक मान्छ ।

मलाई लाग्छ महिलाको हकमा त्यो काम अझै असहज छ, सजिलो छनै । बिहे नभएका अवस्थामा पुरुषहरूका लागि हस्तमैथुन यौनसुखका लागि एउटा विकल्पको रूपंमा हुन्छ । तर, मलाई लाग्यो हिजोसम्म मैले जे खेर फालिरहेको थिएँ आज त्यसलाई विक्री गर्न पाएको छु ।

आखिर त्यसै खेर जाने चिज बेरेर पैसा आउँछ भने के नै फरक पर्छ ? कहिलेकाहीँ मेरो मनमा यो पनि विचार आउँछ । शुक्राणुदानबारे मैले पत्रिकामा एउटा समाचार पढेको थिएँ । त्यसअघि मैले रक्तदानबारे मात्रै सुनेको थिएँ । पत्रिकामा उक्त समाचार देखेपछि ममा कौतुहलता बढ्यो र मैले पूरै समाचार पढेँ ।

मान्छेले रक्तदान मात्रै गर्छन् होला भनेको त शुक्राणुदान पनि गर्दा रहेछन् । मेरो लागि यो अत्यन्तै नौले र रोमाञ्चित समाचार थियो । त्यो समाचार पढेपछि मैले थाहा पाएँ भारतमा यस्ता लाखौं दम्पती छन् जो स्वस्थ शुक्राणु अभावमा बच्चा जन्माउन सक्दैनन् ।

र, सोही कारण शुक्राणुदानको दायरा तीव्र गतिमा बढ्दो छ । आफ्ना कारण बच्चा नभएका र बच्चाको चाहना गर्नेका लागि त्यो एउटा सरल र सहयोगी माध्यम भएको मैले थाहा पाएँ, उक्त समाचार पढेपछि । उक्त समाचार पढेपछि त्यसबारेमा जान्ने चाहना बढ्यो ममा । त्यसका बारेमा गहिरिएर अध्ययन गरेँ । त्यसपछि मलाई थाहा भयो, म दिल्लीको जुन क्षेत्रमा बसिरहेको छु त्यहाँदेखि नजिकै एउटा शुक्राणु संकलन केन्द्र रहेछ । त्यहाँ गएर एकचोटि हेरौँ र के हरेछ बुझौँ भन्ने विचार मेरो मनमा आयो । शारीरिक रूपमा म गोरो वर्णको छु, मेरो उचाइ ठिक्कको छ । मलाई बास्केट बल खेल्न रुचि छ र बेला-बेला खेल्छु पनि ।

शुक्राणु संकलन केन्द्र पुगेर मैले शुक्राणु दिने प्रस्ताव गरे । मेरो प्रस्ताव सुनेर त्यहाँका डाक्टरहरू मुस्कुराउँदै मलाई हेरें । मेरो व्यक्तित्व हेरेर उनीहरू खुशी भएजस्तो लागिरहेको थियो र उनीहरूको त्यस्तो प्रतिक्रिया पाएर मैले केही असहज महसुस गरेँ । तर, त्यो विषय म कस्तो देखिन्छु भन्ने कुरासँग मात्रै सम्बन्धित थिएन ।

मैले पहिलोपटक शुक्राणु बेच्न लागेको थिएँ । कुरा पैसाको मात्रै थिएन अनुभवको थियो । अतः मैले यो साबित पनि गर्नुपर्ने थियो कि म बाहिरबाट जति स्वस्थ छु भित्रबाट पनि उत्तिकै तन्दुरुस्त छु । शुक्राणु दिनुपूर्व मलाई डाक्टरले केही परीक्षणहरू गराउनुपर्ने भने । मेरो रगतको नमुना लिइयो ।

मलाई एचआइभी, मधुमेहलगायत छ कि छैन भनेर जाँच गरियो । म सबै कुरामा खरो उत्रिएपछि पर्सिपल्ट मलाई बिहान नौ बजे बोलाइयो । सुरुमा मलाई एउटा फारम भर्न लगाइयो जसमा गोपनीयतासम्बन्धी केही सर्त थिए । त्यसपछि मलाई प्लास्टिकको एउटा भाँडा दिइयो र शौचालयको बाटो देखाइयो । त्यस दिनदेखि सुरु भयो यो सिलसिला ।



म आफ्नो नाम लेखिएको प्लास्टिकको भाँडो लिएर शौचालय जान्थेँ र त्यसमा शुक्राणु दिई त्यसको बदलामा पैसा लिएर फर्किन्थेँ । हातमा पैसा परेकामा भन्दा मलाई यो कुराले सन्तोष लागिरहेको थियो कि मेरो शुक्राणुबाट कोही त आमा बन्न सक्छन् । मरो कारण कुनै महिला वा परिवारको त समस्या समाधान होला भन्ने मेरो मनमा लागिरहेको थियो ।

मलाई यो पनि भनिएको थियो कि शुक्राणु दिएको तीन दिनपछि अर्कोपटक दिन सकिन्छ अर्थात् एकचोटि दिएपछि कम्तीमा त्यसको ७२ घण्टापछि फेरि दिन सकिनेरहेछ । त्यो सिलसिला सुरु भएको केही महिनापछि मेरो मनमा एउटा प्रश्न आयोः के मैले आफ्ना शुक्राणुका लागि पर्याप्त रकम पाइरहेको छु त ?

चलचित्र 'विक्की डोनर'का अभिनेता त शुक्राणु बेचेरै धनी बन्छन्, तर मैले एकचोटि शुक्राणु दिँदा जम्मा चार सय भारु मात्रै पाउँछु । हप्तामा दुईपटक दिँदा आठ सय रुपैयाँ हुन्छ अर्थात् महिनामा ३२ सय रुपैयाँ मात्र हुन्छ । त्यसपछि मैले आफू ठगिएको महसुस गर्न थालेँ । शुक्राणु संकलन केन्द्र गएर 'बिक्की डोनर'को चर्चा गर्दै मैले पाउने गरेको रकमबारे असन्तोष जनाएँ ।

मलाई मेरो शुक्राणुको मूल्य अति नै कम लागिरहेको थियो । एक प्रकारले म व्यवसायी जस्तै बन्दै थिएँ । आफ्नो शरीरबाट निस्केको पदार्थको मूल्य खोज्ने भइसकेको थिएँ म । सिनेमामा मैले देखेको, बुझेको कुरा र मेरो सोचाइमा त्यो स्वाभाविक नै थियो । तर, आफूप्रतिको मेरो भ्रम त्यतिबेला टुट्यो ।

जब संकलन केन्द्रका कम्प्युटरमा इमेलहरू देखाइयो जसबाट मानिसहरू शुक्राणु बेच्न पालो कुरिरहेको थाहा भयो । त्यो इमले हेरेपछि मैले आफूलाई सम्झाएँ 'म पनि त अभिनेता आयुष्मान खुराना होइन नि ।' सायद थोरै रकम पाउने भएर होला हामीजस्तालाई शुक्राणुदाता भन्ने गरिन्छ न कि विक्रेता ।

भलै कम रकम पाउने गरेको छु, तर मेरो जीवनमा यसको सकारात्मक असर परेको छ । मलाई लाग्छ आफ्नो शुक्राणु त्यसै खेर फाल्न हुँदोरहेनछ । अर्को कुरा हस्तमैथुन गर्ने मेरो बानी अहिले छुटिसकेको छ । मलाई थाहा छ कि मैले गलत गरिरहेको छुइनँ । तर, म यो कुरा सबैलाई भन्न सक्दिनँ । यसको अर्थ यो पनि होइन कि म कसैसित डराउँछु ।

तर, मलाई लाग्दैन हाम्रो समाज यति परिपक्व भइसकेको छ जसले यो विषयलाई संवेदनशीलताका साथ बुझ्न सकोस् । मलाई कुनै अपराधबोध भएको छैन । तर, मानिसहरूलाई यसबारे बताउन जोखिममुक्त पनि छैन । समाजको सोचाइ र यो विषयलाई हेर्ने दृष्टिकोणका कारण म यो विषयलाई आफैंभित्र सीमित राख्न बाध्य छु ।

यसबारे म आफ्नो घरमा पनि कसैलाई भन्न सक्दिनँ किनकि यो सबै थाहा पाएर मेरा आमाबुबालाई यसको नराम्रो असर पर्न सक्छ । म उहाँहरूमा मेरो कारण कुनै नराम्रो असर परोस् भन्ने चाहान्न । हुन त मेरा साथीहरूमाझ यो विषय अपाच्य होइन र उनीहरूका लागि पनि यो सामान्य कुरा नै हो । समस्या मेरो परिवार र नातागोतामा छ ।

भविष्यमा मेरी केटीसाथी (गर्लफ्रेन्ड) लाई पनि यसबारे बताउन मलाई कुनै समस्या हुनेछैन । हुन त अहिले मेरी केटीसाथी छैन । तर जो हुनेछ, ऊ शिक्षित हुनेछ र उसले यसलाई सहज रूपमा लिनेछिन् भन्ने मलाई विश्वास छ । मलाई लाग्छ यो विषयलाई श्रीमतीहरूले सहज रूपमा लिन नसक्लान् किनकि उनीहरू नचाहलान् आफ्ना श्रीमानले कुनै दिन कसैलाई शुक्राणुदान गरेका हुन वा गरिरहेका छन् । उनीहरूलाई त्यो पचाउन गाह्रो हुनसक्छ । उसो त शुक्राणु किन्नेहरू अविवाहित पुरुषलाई नै प्राथमिकता दिँदारहेछन् र २५ वर्ष उमेरसम्मका लागि राम्रो मान्दार हेछन् । शुक्राणुदाताको नाताले यो विषयमा मलाई धेरथोर ज्ञान भएको छ । शुक्राणुको मूल्य त्यसको गुणस्तरबाट मात्रै निर्धारण हुँदैन ।

व्यक्तिको पारिवारिक पृष्ठभूमि, शैक्षिक योग्यता लगायतका कुराले पनि अर्थ राख्दोरहेछ । यदि तपाईँलाई अंग्रेजी भाषा राम्रोसँग आउँछ भने तपाईंको शुक्राणुको मूल्य पनि बढी आउनेरहेछ । हुन त अंग्रेजी जान्ने व्यक्तिको शुक्राणुबाट जन्मिने बच्चामा त्यसको के प्रभाव पर्छ त्यो मलाई थाहा छैन, तर कैयौँले त्यस्ता पुरुषको शुक्राणुलाई प्राथमिकता दिएर खोज्दा रहेछन् । सायद त्यसको पनि कुनै कारण होला । मलाई थाहा छ शुक्राणुदाताका रूपमा मेरो परिचय सधैँभरि मसँग हुनेछैन किनकि सधैँभरि त्यो दिइरहने अवस्था पनि रहँदैन । केही समयका लागि थियो र सकियो पनि ।

यो कुरा मेरो आमाको निम्ति लाजको विषय हुनसक्छ र मसँग बिहे गर्न कुनै युवतीले मेरो त्यो बिषया थाहा पाएर मलाई अस्वीकार गर्न पनि सक्छिन् । तर, शुक्राणुदानलाई लाजको विषय मान्ने हो भन्ने हस्तमैथुन पनि त लज्जाको विषय हुनुपर्छ । तर, मेरो लागि यी दुइटै कुरा लाजका विषय होइनन् । अब त सामान्य लाग्न थालिसक्यो ।

*(बीबीसीको सहयोगमा)*

## रोचक संसार

### गोरूको मृत्युमा शवयात्रा



भारतको बिहारस्थित गया जिल्लामा एउटा गोरुको मृत्युलाई भव्य शवयात्रासहित श्रद्धाञ्जली दिँदै मृत्यु संस्कार मनाइयो । शवयात्रामा भेला भएका सयभन्दा बढी स्थानीयले 'हर हर महादेव' नारा लगाउँदै बाजागाजासमेत गरे । शवयात्रामा हिन्दू र मुसलमान समुदायका समेत थिए । खादा ओडाएर, फूलमाला र अविर लगाइएको गोरुको मृत शरिरलाई बयलगाढामा चढाएर सहर परिक्रमा नै गराइयो । १० वर्षको उक्त गोरुले बिहानै मुखबाट फिँज निकालेपछि चिकित्सकलाई बोलाइयो ।

तर, बचाउन नसकेपछि गाउँलेको भेलाले विधिपूर्वक मृत्यु संस्कार गराउने भन्दै गोरुको मृत शरिरलाई सहर परिक्रमा गराएका हुन् । खासमा उक्त गोरु स्थानीयहरूमाझ 'बादशाह', 'डन' जस्ता नामले लोकप्रिय थियो । दुई वर्षअघि यही ठाउँमा बिजुलीको झट्का लागेर एउटा बाँदरको मृत्यु भएको थियो ।

मृत्युपछि गाउँलेले बाँदरको हिन्दू विधिअनुसार मृत्यु संस्कार गर्दै त्यसको मन्दिरसमेत बनाइएको थियो । यसपटक पनि बादशाह नामको गोरुको मृत्यु हुँदा गाउँलेले सहर परिक्रमा गराउँदै केही किलोमिटर पर लगेर दाहसंस्कार गरे ।

### विश्वकै लामो उडान सञ्चालनमा

सिंगापुर । सिंगापुर एयरलाइन्सले विश्वमा अहिलेसम्मकै लामो उडान भर्ने भएको छ । बिहिबार सिंगापुर एयरलाइन्सले सिंगापुरदेखि न्युयोर्क, अमेरिकासम्मको उडान लगातार १९ घण्टा तय गर्न लागेको हो । जुन विश्वमा अहिलेसम्मकै लामो उडान हुनेछ ।

यस उडानका क्रममा सिंगापुर एयरलायन्सको विमानले १५ हजार किलोमिटरभन्दा बढीको दुरी पार गर्नेछ । यसअघि सिंगापुर एयरलायन्सले नै १९ घण्टाको लगातार उडान भर्ने योजना ल्याएको थियो । केही समय सञ्चालनमा आए पनि यस सुविधा महंगो भएपछि पाँच वर्षपछि बिहीबार एयरलायन्सले सोही योजना कार्यान्वयनमा ल्याउन लागेको हो ।




सिंगापुरदेखि न्युयोर्क लगातार उड्ने विमानमा १ सय ६१ यात्रु क्षमता रहेको छ । एयरलाइन्सले यात्रुहरूको अनुरोधपछि पुन ः यस्तो सुविधा प्रदान लागेको बताएको छ । सिंगापुर-न्युयोर्क रूटमा विशेषगरी, व्यापारीहरूले यात्रा गर्छन् । यी दुवै व्यापारिक हब मानिन्छन् । विश्वकै लामो यो उडानमा इकोनोमी क्लास हुने छैन ।

बिजनेस क्लास तथा प्रिमियम इकोनोमी क्लास मात्र छन् । एयरलाइन्स यो उडानमा इकोनोमी क्लास राख्न पनि इच्छुक देखिएको छैन । विश्वभर लामो दुरीको उडान भर्ने लहर नै चलेको अवस्थामा सिंगापुर एयरलाइन्सले न्युयोर्क उडान सुरु गरेको हो ।

यसैवर्षको सुरुआतमा क्यान्टसले १७ घण्टासम्म लगातारको उडान सञ्चालनमा ल्याएको थियो । यो उडान पर्थदेखि लण्डनसम्म पुग्छ । यस्तै कतारले समेत साढे १७ घण्टा अकल्यानडदेखि दोहाको उडान गर्दै आएको छ ।

### काउकुती लाग्ने रूख

यो दुनिया रहस्यले भरिएको छ । विश्वका जुनसुकै कुनामा जानुस्, केही न केही अनौठा तथ्यहरु भेटिन्छन् नै । अझ जंगलभित्र त झन् फरक दुनिया हुन्छ, जुन रोचकताको चरम विन्दुमा पुगेको हुन्छ । जंगलको यहीँ विचित्रताको बारेमा कुरा गर्दा एउटा यस्तो रुखको




बारेमा चर्चा गर्नैपर्ने हुन्छ जसले ठ्याक्कै मान्छेले जस्तै हरकत गर्दछ । भारतको उत्तराखण्डस्थित कालाढुंगी जंगलमा एउटा यस्तो रुखको प्रजाति छ । यो रुखलाई मान्छेलाई जस्तै काउकुती लाग्दछ ।

यो रुखको फेदमा औंला रगड्दा उसका हाँगाविँगा हल्लिन थाल्दछन्, मान्छेको पेटमा छुँदा काउकुती लागेर जिउ हल्लाएजस्तै । काउकुती लाग्ने यो रुखको त्यस्तो व्यवहारका कारण मानिसहरु यसलाई हाँस्ने रुख भनेर चिन्छन् ।

यसको वैज्ञानिक नाम चाहीँ रेन्डिया डुमिटोरम हो । यो रुखलाई छुँदा किन काउकुती लागेझैँ गर्दछ भन्ने बारेमा थाहा पाउन अनुसन्धान गरिँदैछ । यो हाँस्ने रुख हेर्नका लागि ठूलो संख्यामा पर्यटकहरु उक्त जंगलमा आउने गर्दछन् ।

### बाघ मार्ने कुकुर



भारतको महाराष्ट्रस्थित यवतमाला जिल्लाको पाँढरकावडा इलाकामा पछिल्लो समय एक पोथी बाघले आतंक मच्चाइरहेको थियो । उक्त बाघलाई नियन्त्रणमा लिने सबै प्रयास असफल भएपछि प्रशासनले बाघ मार्नका लागि दुईवटा कुकुर परिचालन गरेको छ ।

चोर पक्रिन कुकुरको सहयोग लिएको त थाहा थियो । तर बाघ मार्नका लागि कुकुर परिचालन गरिएको सायद अहिलेसम्म सुन्नुभएको थिएन होला । कुकुरको बाघको सिकार गरेको त देखे सुनिएकै थियो । तर भारतमा बाघको सिकार गर्ने कुकुर जंगलमा छाडिएको छ ।

हो, केन कोरसो प्रजातिको एक विशेष प्रजातिको कुकुर बाघ नियन्त्रणका लागि परिचालन गरिएको छ । हैदरावादका सार्प सूटर नवाब शफत अली खानले आफ्नो घरमा पालेका खतरनाक कुकुर हुन् यी । अधिकारीहरुका अनुसार पर्याप्त छलफलपछि अन्ततः बाघ मार्नका लागि यी कुकुरलाई मैदानमा उतारिएको हो । यी कुकुरको परिचालनमा वन अधिकारी तथा कुकुर मालिकका छोरासमेत खटिएका छन् ।

बाघको सिकार गर्ने यो खतरनाक कुकुर कहाँबाट आयो ? वास्तवमा यो इटालियन प्रजातिको कुकर हो । यसलाई इटालियन मास्टिफ पनि भनिन्छ । इटालीमा यो प्रजातिको कुकुरलाई कैयन् वर्षयता गार्ड डगको रुपमा प्रयोग गर्ने गरिएको छ । अमेरिकी केनल क्लबका अनुसार यो कुकुरको जिउ २५ देखि २८ इन्च सम्मको हुन्छ । यसको आयू ९ देखि १२ वर्षसम्मको हुन्छ भने वजन ४५ देखि ५० किलोसम्म । यो कुकुर स्मार्ट, तालीम दिन सकिने, जुझारु तथा आत्मविश्वासले भरिएको आक्रामक हुन्छ । यसको टाउको निकै भयानक देखिन्छ । विश्वका धेरै देशमा पुलिसले यो कुकुरलाई अपराधी समात्न समेत प्रयोग गर्ने ग्रेको छ ।

### होचापुड्का मात्र बस्ने अनौठो गाउँ

चीनको सिचुआन प्रान्तस्थित एउटा सानो गाउँ दुनियाँकै अद्वितीय गाउँ हो । याङ्सी नामक उक्त गाउँलाई होचा पुड्काहरुको गाउँ भनिन्छ । किनकि उक्त गाउँमा लगभग आधाजसो होचा पुड्काहरुको मात्र बसोबास छ ।

पहाड र धानखेतहरुले घेरिएको यस गाउँमा बस्ने ४० प्रतिशत मानिस होचा



पुड्का छन् । गाउँमा रहेको होचापुड्का मानिसको अधिकतम उचाई ३ फिट १० इन्च र न्यूनतम उचाई २ फिट १ इन्च रहेको छ ।

गाउँका मानिस किन सबै होचा पुड्का भए भन्ने विषयले वैज्ञानिकहरुलाई पनि अचम्ममा पारेको छ । सन् १९९७ मा भएको एक अनुसन्धानका क्रममा गाउँमा भएको माटोमा पारोको मात्रा उच्च पाइएको र पुड्कोपनाको कारक तत्वपनि त्यसैलाई मानिएको थियो । तर यसको थप पुष्टि हुन सकेको छैन । यो गाउँ १९५१ मा मात्र पत्ता लागेको हो । गाउँमा जन्मिने बच्चाहरुमा पुड्कोपनाको दर निकै उच्च रहने गरेको छ । गाउँमा कूल ८० जना मानिस रहेकोमा ३६ जना पुड्का रहेका छन् ।

### साङ्लाको पाउरोटी



दुनियाँमा खानेकुराको अभावमा धेरै मानिसहरु भोकमरीमा परिरहेका छन् । खाद्यान्न उत्पादनमा आइरहेको कमी तथा जनसंख्यामा भैरहेको बढोत्तरीका कारण यो समस्या झनै चर्किंदो छ । राष्ट्रसंघको एक तथ्यांक अनुसार सन् २०५० सम्ममा विश्वको जनसंख्या ९ अर्ब ७० करोड पुग्नेछ । यतिधेरै मानिसका लागि खानेकुरा कहाँबाट पुऱ्याउने ?

यो प्रश्नको उत्तर ब्राजिलका वैज्ञानिकहरुले खोजेका छन् । भविष्यमा खाद्यान्न अभावका साथै जिव प्रोटिनको भरपूर उपयोग गरी पौष्टिक खानेकुरा उत्पादनको दिशामा उनीहरुको कदम निकै क्रान्तिकारी सावित हुने पक्का छ । हो, ब्राजिली शोधकर्ताहरुले साङ्लाबाट तयार पारिएको पाउरोटी उत्पादन गरेका छन् । उत्तरी अफ्रिकामा पाइने लोकस्ट कक्रोच भनिने विशेष प्रजातिको साङ्लाबाट वैज्ञानिकहरुले उच्च प्रोटिनयुक्त ब्रेड तयार गरेका हुन् । यो साङ्लाको वृद्धि छिटो हुनुका साथै प्रजननदर पनि उच्च हुन्छ । यो साङ्ला प्रोटिनका लागि रेड मिटभन्दा पनि राम्रो श्रोत रहेको बताइउको छ । रेड मिटमा ५० प्रतिशत प्रोटिनको हिस्सा हुनेमा यो साङ्लामा ७० प्रतिशत हिस्सा प्रोटिन हुन्छ ।

दक्षिणी ब्राजिलको फेडेरल युनिभर्सिटी अफ रियो ग्रान्डमा फूड इन्जिनियर रहेकी आन्द्रिसा जेन्टजेन भन्छिन्, 'वातावरणसँग तालमेल मिलाउन तथा लाखौं वर्षसम्म क्रमविकास गरी अस्तित्वमा रहनका लागि साङ्लाले केही न केही गुण अवश्य विकास गरेको हुनुपर्दछ ।'

### यस्तो पनि प्रेम...

कहिलेकाहीँ यस्तो लाग्छ कि सूचना प्रविधि भन्दा मानिसहरु एक कदम अघि छन् । भारतमा हालै भएको एउटा घटनाले यसलाई पुष्टि गरिदिएको छ ।

उत्तर प्रदेशको मोदिनगर क्षेत्रमा एक ५० वर्षकी महिला २० वर्षको युवकसँग प्रेम गरी तिनै युवक प्रेमीसँगै भागेकी छिन् । ती महिलाका पति तथा ठूला ठूला छोराछोरी छन् । एकजना छोराको त बिहेपनि भैसकेको छ ।

तिनै छोराले ६ महिनाअघि आमालाई मोबाइल गिफ्ट दिएका रहेछन् । छोराले स्मार्टफोन दिएपछि ती महिलाले ह्वाट्सएप तथा फेसबुक चलाउन थालिन् । तिन महिनाभित्रैमा ती महिला फेसबुकमा एकजना युवकसँग चिनापर्ची गरिन् र अन्ततः उनीहरुबीच प्रेम भयो । ५० वर्षकी ती महिला र २० वर्षका युवकबीच यति गहिरो प्रेम बस्यो कि उनीहरु अन्ततः कसैलाई थाहा नदिई सँगै भागेका छन् ।

गत सोमबार मोबाइल घरमै छाडेर निस्किएकी श्रीमती घर नफर्केपछि उनका पति तथा परिवारले प्रहरीमा खोजीको निवेदन दिए । पछि ती महिलाको मोबाइल हेर्दा पो सबै अचम्ममा परे । मोबाइलमा उनको फेसबुक तथा ह्वाट्सएप हेर्दा उनले २० वर्षका युवकसँग प्रेम गरेर भागेको थाहा भयो । ५० वर्षकी ती महिलासँग प्रेम गर्ने युवक बीबीएमा अध्ययनरत भएको बताइएको छ । ती युवक र महिलाको खोजी भैरहेको छ ।

*(अनलाइनहरूबाट)*

प्रेरक प्रसंग

## शरीर र पैस



विश्व प्रसिद्ध रुसी साहित्यकार लियो टाल्स्टायसँग एक दिन एक युवकले आर्थिक सहयोगको याचना गर्दै हजार रुबल मागे । टाल्स्टायले हट्टाकट्टा ती युवकलाई नियाल्दै भने- हजार रुपैयाँ मात्र किन ? ऊ पर एउटा मान्छे बस्छ, ऊ मानिसका अंगहरुको व्यापार गर्छ । उसले मान्छेका हातको ५० हजार दिन्छ । तिमी हात बेचेर ५० हजार लिन सक्छौ । त्यो युवकले भन्यो- ५० हजारमा हात बेचेर म के गर्नु नि ? टाल्सटायले फेरि भने त्यसो भए खुट्टा बेच, उसले तिम्रो खुट्टाको मूल्य एक लाख दिनेछ । त्यो युवकले डराउँदै भन्यो- एक लाखमा खुट्टा बेचेर म अपांग हुन चाहन्न । टाल्सटायले उसलाई सम्झाए- त्यसो भए तिम्रो सबै शरीर उसलाई बेच, तिम्रो शरीरको मूल्य उसले एक करोड दिनेछ । युवकले आत्तिँदै टाल्सटायसँग भन्यो- महाशय, एक करोडमा शरीर बेचेर म आजीवन उसको गुलाम बन्न सक्दिन । फेरि शरीरको मूल्य एक करोड मात्र कसरी हुन सक्छ ? एक करोडमा शरीर बेचेपछि यो शरीरमाथिको अधिकार पनि मेरो हुँदैन ।

नम्रतापूर्वक युवकलाई थुमथुम्याउँदै टाल्सटायले भने- हो तिमीलाई थाहा रहेछ शरीरको मूल्य कसैले तोक्न सक्दैन । यो शरीरलाई व्यर्थमा किन खेर जान दिइरहेका छौ ? शरीरले करोडौं रुपैयाँ कमाउने हैसियत राख्छ । आजैदेखि तिमी पैसा कमाउने महान अभियानमा जुट । तिमीलाई कहिल्यै पैसाको अभाव हुने छैन । टाल्सटायको उपदेशले आजैदेखि काममा जुट्ने दृढ इच्छा युवकमा जागृत भयो र उसले भन्यो- तपाईंको सहयोग अब मलाई चाहिँदैन । म काम गरेर पैसा कमाउनेतर्फ अहिलेदेखि नै लाग्छु । टाल्सटायले थ्यांक यु भन्दै उसलाई फेरि थुम्थुम्याए ।

# साप्ताहिक राशिफल

ज्यो. लक्ष्मीप्रसाद बराल

### मेष

बिछोडिएका परिवारजनसँग भेटघाट हुनेछ। मनपर्ने वस्तु, उपहार प्राप्त हुनेछ। नयाँ कामको प्रस्ताव आउनेछ भने साथ दिनेहरू बढ्नेछन्। रचनात्मक कामले मनग्गे धन आर्जन हुनेछ। पहिलेको सफलताले थप हौसला जगाउनेछ। रमाइलो जमघटका बीच स्वादिष्ट भोजनको आनन्द लिने अवसर जुट्नेछ। सुन्दर पहिरनले व्यक्तित्वमा आकर्षण ल्याउनेछ।

### बृष

खर्चको जोहो गर्न परिवारजनबाट टाढिनुपर्ला। आर्थिक प्रलोभन देखाउनेहरूले फसाउन सक्छन्। तापनि, समस्या पर्दा सहयोग गर्नेहरू भेटिनेछन्। खर्च लागे पनि दिगो फाइदा हुने काम फेला पर्न सक्छ। टाढाका साथीभाइको निम्तो प्राप्त हुने समय छ। अवसरको खोजीमा केही दौडधुप भने गर्नुपर्ला। चुनौती पन्छाउँदै रोकिएका काम सम्पादन गर्न सकिनेछ।

### मिथुन

आम्दानी बढाउन निकै मिहिनेत गर्नुपर्ला। कामको मूल्यांकन हुनाले थप जिम्मेवारी प्राप्त हुनेछ। तर अरूको मुख ताक्ने बानीले पछि परिनेछ। प्रतिफल हातपार्न केही समय लाग्नेछ। महत्त्वपूर्ण काम बीचमा रोकिनाले आयआर्जनमा समस्या पर्न सक्छ। सरसापटमा सञ्चित धन बाहिरिनेछ भने घरखर्च बढ्नाले कर्जा लिनुपर्ने आवश्यकता पर्न सक्छ।

### कर्कट

परिस्थिति अनुकूल रहे पनि अरूका लागि बुद्धि खर्चनुपर्नेछ। जीवनशैली व्यस्त रहे पनि गरी आएको कामलाई निरन्तरता दिन सकिनेछ। प्रतिष्ठित काम गरेर धेरैको मन लोभ्याउन सकिनेछ। विशिष्ट व्यक्तिहरूसँग मित्रता बढ्नेछ। आँटेको काममा अरूको मुख ताक्नाले पछि परिनेछ। श्रमको उचित मूल्यांकन भए पनि प्रतिफल हातपार्न केही समय लाग्नेछ।

### सिंह

अरूलाई प्रभावित पारेर काम बनाउने समय छ। आफ्नो क्षेत्रमा प्रभुत्व जमाउन सकिनेछ। मिहिनेत गर्दा कीर्तिमानी काम बन्न सक्छ। धर्मकर्म तथा सेवामूलक काममा प्रवृत्त भइनेछ। श्रम परे पनि तारिफयोग्य काम गर्दै अरूको उपकार गर्न सकिनेछ। तर धेरै समर्पणले पनि उपलब्धि गुम्न सक्छ, सजग रहनुहोला। बुद्धिको उपयोगले मात्र लक्ष्य प्राप्त हुनेछ।

### कन्या

सानातिना काममा अल्झनुपरे पनि बुद्धिको उपयोगले समस्या सुल्झाउन सफल भइनेछ। तत्काल उपलब्धि प्राप्त नभए पनि सम्भावना खोजी गर्ने समय छ। दिगो फाइदा हुने योजना बन्न सक्छ। प्रतीक्षित नतिजा कमजोर देखिनाले काम दोहोर्याउनुपर्ला। शुभचिन्तकहरूको साथले कर्मयोग बलियो रहनेछ। तर अरूको विश्वासमा पर्दा काम अधुरो रहनेछ।

### तुला

प्रियजनसँगको भेटघाटले दिन रमाइलो रहनेछ। भौतिक साधनले जीवनशैलीमा परिवर्तन ल्याउन सक्छ। अतिथिका रूपमा सत्कार पाइनेछ। घुमफिर तथा मनोरञ्जनको समय छ। आम्दानी बढाउने काम सुरु हुनेछ। प्रेम र मित्रताको बन्धन कसिलो हुनेछ। व्यवसायको सन्दर्भमा रमाइलो यात्रा हुन सक्छ। साथीभाइको सहयोगले उत्साह मिल्नेछ।

### बृश्चिक

परिस्थितिवश काम सम्पादनमा अलमल हुनेछ। तापनि प्रतीक्षित नतिजाले उत्साह बढाउनेछ। प्रतिस्पर्धीहरूले हार खानेछन् भने सहयोगीहरूले साथ दिनेछन्। थोरै लाभ भए पनि ठूलो आवश्यकता पूरा हुनेछ। व्यापारलगायत आर्थिक लाभ हुने काम थालनी हुनेछ। स्वास्थ्य सबल रहनेछ भने पराक्रमद्वारा अधिकार स्थापित गर्न सकिनेछ।

### धनु

मिहिनेत गर्दा अध्ययनमा प्रगति हुनेछ। गुरुजनको सुझाव र सन्तानको सहयोग आजलाई विशेष लाभदायी बन्नेछ। व्यावहारिक अलमलले बाधा पुर्याए पनि लगनशीलताले सफलता दिलाउनेछ। समय लागे पनि रोकिएका काम प्रारम्भ गर्ने मौका छ। तारिफयोग्य कामले अरूको उपकार हुनेछ। दिगो फाइदा हुने काम प्रारम्भ गर्न सकिनेछ।

### मकर

साझेदारीका समस्या सुल्झनाले दिगो योजनामा अघि बढ्दा फाइदा उठाउन सकिनेछ। अन्योलमा मान्यजनको सुझाव शिरोधार्य गर्दा लाभ हुनेछ। रोकिएका काममा दोहोर्याएर प्रयत्न गर्नुहोला। द्रव्य अरूलाई दिने नभई भित्र्याउने समय छ। दिएको धनमाल पछि आफैंलाई आवश्यक पर्न सक्छ। पुरानो सम्झौता नवीकरण हुनाले दिगो फाइदा हुनेछ।

### कुम्भ

नयाँ काममा हात हाल्ने समय छ। केही संघर्ष गर्नुपरे पनि आँटेका काममा फाइदा हुनेछ। कृषिकर्म र व्यवसायमा मनग्गे लाभ हुनेछ। उद्योग र व्यापारमा पनि फाइदै हुनेछ। सहयोगीहरूले हात झिके पनि प्रतिस्पर्धीहरू सहयोगीका रूपमा देखा पर्नेछन्। गरिएका कर्मको उचित प्रतिफल पाइनेछ। पुरुषार्थी कामले समाजमा स्थापित बनाउनेछ।

### मीन

सुखद समाचारले आजको दिन उत्साहपूर्ण रहनेछ। बोलीको भरमा चिताएको काम सम्पादन हुनेछ। आफ्नो क्षेत्रमै प्रभाव जमाउन सकिनेछ भने सम्मानित स्थान प्राप्त हुन सक्छ। तारिफयोग्य कामले राम्रो उपलब्धि दिलाउनेछ। सानो प्रयत्नले फाइदा बढ्नेछ। व्यापारमा पनि प्रशस्त लाभ हुनेछ। अध्ययनको लगावले बौद्धिक क्षेत्र फराकिलो बन्नेछ।

## नेपाली गीत गिनिज बुकमा

सबैभन्दा धेरै गायकले एकैचोटि गीत गाएर गिनिज बुकमा नाम लेखाएका छन् । कीर्तिपुरस्थित अन्तर्राष्ट्रिय क्रिकेट मैदानमा नेपाली सांगीतिक क्षेत्रका सयौं संगीतकर्मीहरू एकैसाथ उपस्थित थिए । मेलानकोली अभियानले वातावरण संरक्षणसम्बन्धी चेतनामूलक गीत गिनिज वर्ल्ड रेकर्ड्‌समा सफलता पाएपश्चात् सो अभियानमा आबद्ध संगीतकर्मी तथा सम्बन्धित अन्य विभिन्न व्यक्तिहरूलाई प्रमाणपत्र वितरण गरिएको थियो । दिगो वातावरण तथा पारिस्थितिकीय प्रणाली व्यवस्था (सिम) नेपालको आयोजना गरेको उक्त कार्यक्रममा प्रमुख अतिथिको रूपमा संस्कृति, पर्यटन तथा नागरिक उड्ययनमन्त्री रवीन्द्र अधिकारी थिए ।

कार्यक्रममा बोल्दै मन्त्री अधिकारीले भने, '३ सय ६५ कलाकार साथीहरूको साथ प्राप्त गरेर यो गीत गिनिज बुक अफ वर्ल्ड रेकर्ड्‌समा दर्ज भएको छ । यो हामी सबै नेपालीको लागि, नेपाली सांगीतिक क्षेत्रका लागि खुशीको कुरा हो, धेरै गौरवको कुरा हो ।

वि.सं. २०७३ साल जेष्ठ ६ गते रेडियो नेपालको स्टुडियोमा नेपालका ३ सय ६५ जनागायक गायिकाको आवाजमा रेकर्ड गरिएको ३३ मिनेट ४९ सेकेन्ड लामो उक्त गीत तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीको उपस्थितिमा राष्ट्रकवि माधवप्रसाद घिमिरेले गीत गाएर सुरुआत गरिएको थियो । सो गीतलाई वि.सं २०७४ साल भदौ २ गते राष्ट्रपति विद्यादेवी भण्डारीले सार्वजनिक गरेकी थिइन् र उक्त गीतले मोस्ट भोकल सोलोज इन अ सङ्ग रेकर्डिङ शीर्षकमा २०७४ माघ १८ गते गिनिज वर्ल्ड रेकर्ड्‌सको मान्यता पाएको थियो । मिलानकोली गीतमा ९७ वर्षीय राष्ट्रकविदेखि ५ वर्षीय निष्पल अधिकारी सम्मको आवाज छ जहाँ ५३ जिल्लाका संगीतकर्मीहरूको सहभागिता छ ।

*जोगाऔं माटो जल जमिन, जंगल ।*
*यही हो हाम्रो धन, नयाँ नेपालको संकल्प ॥*

यसका मुख्य अभियन्ता भने वातावरणकर्मी निपेश ढाका हुन् । उनकै अग्रसरतामा यस अभियानले सार्थकता पाएको हो । निपेशले ४ वर्ष लगाएर यसको परिकल्पना गरेका थिए । निपेश ढाकाले त्रिभुवन विश्वविद्यालयबाट गणित विषयमा स्नातकोत्तर र टेक्निकल युनिभर्सिटी अफ म्युनिकबाट सस्टेनेबल रिसोर्स म्यानेजमेन्टमा पनि स्नात्तकोत्तर गरेका छन् ।

## चलचित्रमा वैदेशिक रोजगारीको पीडा

काठमाडौं । वैदेशिक रोजगारीको कथामा आधारित चलचित्र 'शान्ति' को गीत 'बलेसीमा पानी खस्यो' सार्वजनिक भएको छ । गीतमा दिनेश लिङदेनको शब्द, विकास चौधरीको संगीत र विकास तथा शषिका राईको स्वर छ । सुशील क्षेत्री र निशा पोमुले फिचरिङ गरेको गीतमा जनक राईको कोरियोग्राफी छ ।

आगामी मंसिर १४ गते रिलिज हुने उक्त चलचित्रले वैदेशिक रोजगारीमा नेपालीले भोग्नुपरेको यथार्थता, पारिवारिक, सामाजिक एवं प्रेमकथालाई प्रस्तुत गरेको निर्देशकसमेत रहेका दिनेशले बताए । उनले भने, 'वैदेशिक रोजगारीले नेपाली समाजमा पारेको सामाजिक, सांस्कृतिक, राजनीतिक तथा पारिवारिक विषयलाई चलचित्रमार्फत उठान गरिएको छ ।'

चलचित्रमा अभिनेता सुशील तथा अभिनेत्री निशासँगै सुप्रिया श्रेष्ठ, सञ्जीव थेबे, सुदिता लिङदेन, बालदीप राई, शर्मिला शर्मा, खुस्बु चेम्जोङ, अजय खडका, प्रदीप योङहाङ, महेन्द्रकुमार राई, सुमित्रा अधिकारी लगायतका कलाकारको अभिनय छ । चलचित्रमा विकास चौधरीको संगीत, जनक कार्कीको नृत्य, राजु किराँती र ज्ञानु राईको छायांकन तथा मेग मगरको सम्पादन छ ।

पूर्वमिस लिम्बूसमेत रहेकी निशा र सञ्जीव तथा सुप्रियाको यो 'डेब्यु' फिल्म हो । शान्ति वखिम थेबे निर्माता तथा वसन्त थेवे कार्यकारी निर्माता रहेको चलचित्रमा कविता राई लिङ्देन प्रस्तुतकर्ता छिन् । यो चलचित्रलाई काभ्रे, सिन्धुली, नुवाकोट लगायतका स्थानमा छायांकन गरिएको निर्देशक दिनेशले जानकारी दिए ।

## दीपाश्रीको ब्लकबस्टर ह्याट्रिक

नेपालमा केही नायक र नायिकाको बिषयमा लेखिने एउटा समाचार छ, हिटमा ह्याट्रिक वा फ्लपमा ह्याट्रिक । अर्थात लगातार ३ वटा चलचित्र हिट भएर चर्चित बनेका वा लगातार ३ वटा चलचित्र असफल भएर चर्चित बनेका । जे जसरी भएर पनि चर्चित बनेका कलाकार धेरै छन् ।

तर, ब्लकबस्टर ह्याट्रिक गर्न भने त्यती सजिलो छैन । औषत, हिट, सुपरहिटपछि बल्ल ब्लबस्टर आउँछ । यसका लागि चलचित्रले लगानी मात्र उठाएर हुँदैन । नाफा गतिलै गर्नपर्छ । अहिले, ब्लबस्टर ह्याट्रिकको सूचीमा पर्ने एक मात्र निर्देशक हुन् दीपाश्री निरौला । दीपाश्री निरौलाले चलचित्र 'छक्का पन्जादेखि छक्का पन्जा ३'सम्म आइपुग्दा ब्लबस्टर ह्याट्रिक गरेकी छिन् ।

'छक्का पन्जा'को व्यापारिक आँकडा १६ करोड नजिकमा छ । यो अहिलेसम्मकै सर्वाधिक धेरै कमाई गर्ने नेपाली चलचित्र हो । दोश्रोमा पनि उनकै नाम छ, 'छक्का पन्जा २' । यो चलचित्रले १४ करोड आसपासको व्यापार गरेको छ । दोश्रो सर्वाधिक कमाई गर्ने चलचित्रको सूचीमा पनि दीपाश्रीकै नाम छ ।

अब, 'छक्का पन्जा ३'को व्यापार । यसले अघिल्ला चलचित्रको रेकर्ड तोड्छ या नयाँ रेकर्ड राख्छ त्यो भोलीको कुरा हो । तर, रिलिज भएको केही दिनमै चलचित्रप्रति दर्शकको उत्साह र चासो र यसको व्यापार हेर्दा यसलाई ब्लकबस्टर भन्न सजिलै सकिन्छ । चलचित्रले दैनिक १ करोडको गतीमा व्यापार गरेको यसका निर्माता समेत रहेका दिपकराज गिरीले जानकारी दिएका छन् ।

**अनलाइनहरूबाट**

## अंग्रेजी शब्दावलीको ज्ञान बढाऔं

Unsullied = वेदाग Even after resigning from the post, he was happy because his fame was unsullied (जागिरबाट राजिनामा गरिसकेपछि पनि उस्को प्रख्यातीमा कुनै दाग लागेन) ।

Vortex = भूवरी Drawn into the vortex of politics,he does not know the charm of life (राजनीतिको भूवरीमा परेको कारण, उ पारिवारिक जीवनको मिठासबाट अनभिज्ञ छ )

Warble= चीरवीर गर्नु Every morning the birds warble outside my window (हरेक दिन बिहान मेरो झ्याल बाहिर चराहरू चीरवीर गर्दछ)

Anomolous= नियमित रुपमा होइन He is in an anomolus position as only part time worker of thie firm ऊ यस फर्ममा आंशिक रुपमा काम गर्ने कर्मचारी हो ।

Brusque = खस्रो He thought that we were offended by his brusque reply (उसको खस्रो जवाफले हाम्रो अनादर गर्‍यो भन्ने उसले ठान्यो)

Confound = छक्याउनु All his tricks failed to confound us (हामीलाई छक्याउने उसका सबै दाउहरू असफल भए)

Discrepancies = असान्दर्भिक, अमिल्दो, एक अर्कासँग बाझ्ने There are many discrepancies among the versions given about palace massacre from different quarters (दरबार हत्याकाण्डबारे धेरै कोणबाट नमिल्दा भनाइहरू आएका छन् )

Exculpate = दोषमुक्त गर्नु When the real culprit confessed she was exculpated of the crime (साँचो अपराधीले अपराध स्वीकार गरेपछि तिनी दोष मुक्त भइन )

Functionary = अधिकृत If the files transfers from one functionary to another the decision becomes late (यदि फाइल एक अधिकृतबाट अर्को अधिकृतमा पठाउने काममात्रै हुन्छ भने निर्णय ढिलो हुन पुग्दछ )

Grimace = दर्दपूर्ण अनुहार Although he was silent his grimace was indicating that he has pain (ऊ चुप लागेर बसेको भए तापनि उसलाई दुखिरहेको छ भन्ने कुरा उसको अनुहारले बताइरहेको थियो )

## नेपालमा सर्वप्रथम

### कसलाई के भनिन्छ ?

| | |
|---|---|
| कोतपर्वकी आमा | राज्यलक्ष्मी |
| हरिततारा | भृकुटी |
| खलंगाका नायक | बलभद्र कुँवर |
| स्वामी अभयानन्द | रणवीरसिंह थापा |
| नेपालकी आमा | मोतीदेवी कल्याल टिंकरी |
| स्कुलका पिता | पद्मशमशेर |
| राणा वैज्ञानिक | गेहेन्द्रशमशेर |
| नेपालको दोस्रो गौतम बुद्ध | जयपृथ्वीबहादुर सिंह |
| जिउँदो सहिद | टंकप्रसाद आचार्य |
| राजाको पञ्च | कीर्तिनिधि बिष्ट |
| नेपालको सुकरात | नयराज पन्त |
| शेरे धनुषा | हेमबहादुर मल्ल |
| धोकेबाज नेता | डा.तुलसी गिरी |
| अस्तित्वविहीन पञ्च | नगेन्द्रप्रसाद रिजाल |
| धूर्त पञ्च | नवराज सुवेदी |
| संकटको पञ्च | सूर्यबहादुर थापा |
| सान्दाजु | बीपी कोइराला |
| नेपाली राजनीतिका चाणक्य | सूर्यप्रसाद उपाध्याय |
| नेपाली राजनीतिकी शकुनी | ऋषिकेश शाह |
| पञ्चको शाह | शरदचन्द्र शाह |
| अवसरवादी नेता | विश्वबन्धु थापा |
| सन्त राजनीतिज्ञ | कृष्णप्रसाद भट्टराई |
| लौह पुरुष | गणेशमान सिंह |
| कार्यकर्ता | डा. डिल्लीरमण रेग्मी |
| पञ्चायतको मलामी | मरिचमान सिंह |
| नाति जर्नेल | पशुपतिशमशेर जबरा |
| माहिला मिनिस्टर | बमबहादुर राणा |
| खरदार बा | कृष्णप्रसाद कोइराला |
| फत्यबहादुर शाह | बहादुर शाह |
| नेपालको माइकल एन्जेलो | बेखाराज |
| विमान पण्डित | अच्युतानन्द |

## Take बाट के के कुरा भन्न सकिन्छ थाहा पाइ राख्नुहोस

Take oneself off = प्रस्थान गर्नु It's time, I take myself off. मेरो प्रस्थान गर्ने बेला भयो ।

Take somebody off = ब्यंग्य गर्ने गरी नक्कल गर्नु He take politician very well off उस्ले नेताहरुको ब्यंग्यात्मक पाराले नक्कल गर्छ ।

Take on = लोकप्रिय हुनु This fashion took on very fast यो फेसन छिट्टै लोकप्रिय भयो ।

Take somebody on = भर्ना गर्नु This company takes on new staff every year यो कंपनीले हरेक वर्ष नया स्टाफ भर्ना गर्छ ।

Take somebody on = चढाउनु This bus stops everywhere to take on more passenger यो वस यात्रु चढाउन जहापायो वही रोक्छ ।

Take on something = अनुभूती दिनु Her eyes take on a hurt expresssion उन्को आंखाहरुले दुखिरहेको अनुभुति दिन्छ ।

Take something on = ओर्सानु These vans take only beverages on यो भ्यानले पेय पदार्थमात्र ओर्साछ ।

Take somebody out = कसैलाई लिएर जानु He never take me out to dinner उस्ले मलाई कहिल्यै बेलुकाको खाना खान वाहिर लिएर जांदैन ।

Take somebody out = मार्नु Enemies took many soldiers out बैरीहरुले धेरै सैनिक मारे ।

Take something out = ध्वस्त पार्नु Missiles took two passenger planes out छेप्यास्त्रले दुई यात्रुवाहक हवाइजहाज ध्वस्त गर्‍यो ।

Take something out = काटेर निकाल्नु She joined the hospital to take her appendix out आपेनडिक्स काटेर निकाल्न भनी उनी हस्पिटल भर्ना भइन ।

Take something out = बाहिर निकाल्नु Take your hands out of your pocket खल्तीबाट हात बाहिर निकाल ।

## सुडोकु-अंक १२३

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | ३ | | | | ८ | |
| १ | | | | | ८ | | | |
| | २ | | | १ | | ३ | ६ | ४ |
| | | | | | ५ | | | २ |
| ३ | | | | ६ | | | | ९ |
| ४ | | | ७ | | | | | |
| ७ | ८ | १ | | ३ | | | २ | |
| | | | ८ | ९ | | | | ३ |
| | ४ | | | | २ | | | |

## अंक १२२ को नतिजा

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ९ | ८ | ७ | ३ | १ | ६ | २ | ५ | ४ |
| ५ | २ | ६ | ७ | ८ | ४ | ३ | ९ | १ |
| ३ | १ | ४ | २ | ९ | ५ | ७ | ८ | ६ |
| ६ | ४ | ३ | ५ | ७ | १ | ९ | २ | ८ |
| १ | ९ | २ | ८ | ६ | ३ | ५ | ४ | ७ |
| ८ | ७ | ५ | ९ | ४ | २ | ६ | १ | ३ |
| ७ | ३ | १ | ४ | ५ | ९ | ८ | ६ | २ |
| २ | ६ | ९ | १ | ३ | ८ | ४ | ७ | ५ |
| ४ | ५ | ८ | ६ | २ | ७ | १ | ३ | ९ |

# संस्थाका महासचिवद्वारा वार्षिक साधारणसभामा प्रस्तुत गरिएको बाल विकास समाजको प्रगति प्रतिवेदन

सर्वप्रथम, बाल अधिकारको क्षेत्रमा २७ वर्ष लामो इतिहास बनाएको बाल विकास समाजको यस वार्षिक साधारण सभामा उपस्थित सबै आजीवन सदस्यहरु, कार्यसमितिका पदाधिकारीहरु तथा सल्लाहकारहरुलाई हार्दिक स्वागत गर्दछु । महासचिवको हैसियतमा संस्थाले आर्थिक वर्ष २०७४/०७५ मा बाल अधिकारको क्षेत्रमा संचालन गरेका विविध कार्यक्रम तथा परियोजनाहरु मार्फत हासिल गरेका उपलब्धी तथा प्रगतिहरुको बारेमा यहाँहरु समक्ष यो प्रगति प्रतिवेदन प्रस्तुत गर्न पाउँदा मलाई खुशी लागेको छ । साथै यस अवधिको प्रगतिसँगै चुनौती तथा आगामी योजना यहाँहरु समक्ष प्रस्तुत गर्न चाहन्छु ।

स्थापनाको २८औं वर्षमा आइपुग्दा संस्थाले समुदायमा अनुकरणीय उपलब्धी हासिल गरेको छ साथै विविध समस्या तथा चुनौतीहरु पार गर्दै आइरहेको छ। सरकारी निकाय, गैरसरकारी संस्था, समुदाय तथा लक्षित समूहले दिएको सकारात्मक प्रतिक्रिया, प्रशंसा तथा सुझाव र सहयोगले हाम्रा लागि प्रेरणा र आगामी दिनको बाटो तय गर्न मद्धत पुऱ्याएको छ ।

नयाँ संविधान कार्यान्वयन गर्ने क्रममा बनेका ऐन, नियम कानून तथा निर्देशिकामा उल्लिखित बाल अधिकारका विषयहरु कार्यान्वयन गर्न र समुदायमा व्याप्त धेरै सवालहरुलाई सम्बोधन गर्ने क्रममा बाल विकास समाजको प्रत्यक्ष तथा अप्रत्यक्ष योगदान रहँदै आएको छ । आगामी दिनमा स्थानीय, प्रादेशिक तथा संघीय तहहरुमा बन्ने कानुन तथा नीति नियमावलीहरुमा पनि बाल अधिकारको सवालहरुलाई सम्वोधन गर्नको निमित्त हाम्रो भुमिका विगत जस्तै अग्रणी हुनेछ र त्यसमा हाम्रो योजना एवं तयारी तथा विशेष ध्यान केन्द्रित हुनेछ । हाम्रो सानो प्रयासले मात्र सबै बालबालिकाहरुको हित हुने गरी परिवर्तन गर्न सम्भव छैन यद्यपी आगामी दिनमा स्थानीय सरकारसँगको समन्वयमा नीतिगत परिवर्तनमा नै बढी जोड दिने गरी नमुना कार्यक्रमहरु प्रस्तुत गर्नेछौं । जसबाट नेपाल सरकारको नीति तथा कार्यक्रम, बालश्रम निवारण सम्बन्धी राष्ट्रिय गुरुयोजनालाई प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा सहयोग पुग्नेछ । साथै ती कार्यले बालबालिकाको हक अधिकार स्थापित भएको समाज निर्माण गर्ने हाम्रो संकल्पमा ठोस योगदान पुग्नेछ ।

**सभाका अध्यक्षज्यू तथा सदस्य महानुभावहरु,**

माथी उल्लिखित कार्यक्रम तथा परियोजनाबाहेक बाल विकास समाजले अन्य गतिविधी तथा अभियानहरु संचालन गर्ने र अभियानहरुमा ऐक्यबद्धतासहित सहभागिता जनाउँदै आएको छ । जसको यहाँ संक्षिप्त जानकारी गराउन चाहन्छु ।

१३) **बालबालिकासँगै एक दिनःअभियान**

"बालबालिकासँगै खाजा खाऔं, कम्तिमा एक दिन सामाजिक उत्तरदायित्व वहन गरौं ।" अभियानका साथ यस संस्थाद्धारा संचालित दिवा शिशु स्याहार कार्यक्रममा बालबालिकालाई दैनिक खाजाको पनि व्यवस्था गरिएको छ । बालबालिकालाई खाजा खुवाउन दातृ संस्था वा अरु कसैको पनि भर पर्न नपरोस् वा दातृ संस्थाले सहयोग नगरेको अवस्थामा पनि दिवा शिशु स्याहार केन्द्रमा आउने बालबालिकाले खाजा खानबाट बञ्चित हुन नपरोस् भन्ने उद्देश्यले संचालित यस अभियानमा कार्यसमिति तथा आजीवन सदस्य, कर्मचारी तथा अन्य शुभचिन्तकहरु सहित यस वर्ष जम्मा २३ जना व्यक्तिबाट सहयोग भएको छ ।

१४) **विभिन्न दिवसहरु सम्पन्न**

बाल विकास समाजले यस वर्ष बालबालिकासँग सम्बन्धित रहेका विभिन्न राष्ट्रिय तथा अन्तराष्ट्रिय दिवसलाई अभियानका रुपमा संचालन गर्ने, आयोजना गर्ने तथा सक्रियता सहभागिता जनाउँदै आइरहेको छ । जसमा राष्ट्रिय बाल दिवस, अन्तराष्ट्रिय बाल अधिकार तथा बाल दूर्व्यवहार विरुद्धको दिवस, बालश्रम विरुद्धको विश्व दिवस सम्पन्न गर्न महत्वपूर्ण भूमिका निर्वाह गर्दै आइरहेको छ ।

१५) **शहरी बाल अधिकार मन्चको गठन**

बाल विकास समाजको सक्रियता तथा सेभ द चिल्ड्रेनको सहयोगमा शहरी बालबालिकासँग सम्बन्धित समस्या र सवालमा योजना तथा नितिनियम निर्माण र बालबालिकामैत्री संरचनाको विकासको आवश्यकता परिपूर्ति गर्नका लागि सरकारी निकाय लगायत ४५ वटा संघ संस्थाको उपस्थितीमा एक भेला सम्पन्न भयो । उक्त भेलाको निर्णयबाट बालबालिका लक्षित नीतिनिर्माण तथा कार्यान्वयन गर्न, बालमैत्री शहरको अभियान चलाउन र नीतिगत पैरवी र वकालत गर्नको लागि बाल विकास समाजको संयोजकत्वमा १३ सदस्यीय शहरी बालअधिकार मञ्च (Urban Child Right Forum) को गठन भएको छ ।

१६) **कर्मचारी तथा कार्यसमिति सदस्यहरुको लागि क्षमता अभिवृद्धिः**

बाल विकास समाजले आफ्नै आयोजना तथा विभिन्न साझेदार संघ संस्था तथा सञ्जालले आयोजना गरेका तालिम एवं गोष्ठबाट संस्थाका कर्मचारीको क्षमता अभिवृद्धि गर्ने कार्य भएको छ । कर्मचारीहरुले दिगो विकास २०३० तालिम, बालमैत्री स्थानीय शासन अवधारण सम्बन्धी तालिम, घटना व्यवस्थापन तालिम, शहरी बालबालिकाका लागि नीतिगत पैरवी र वकालतका लागि कार्यशाला गोष्ठी, लैङ्गिक समता र सामाजिक सामावेशिकरण जस्ता विषयमा क्षमता अभिवृद्धि गर्ने अवसर पाएका छन् । त्यसै गरी इन्डोनिसियामा अवलोकन भ्रमणमा कार्यक्रम व्यवस्थापक प्रयासा के.सी. र कार्यक्रम सुपरभाइजर दिपेन्द्र पराजुलीले अवसर पाएका थिए ।

१७ Monitoring Evaluation Accountability Learning -MEAL System:

समुदाय तथा लक्षितसमूहप्रति जवाफदेही भई कार्यक्रमको गुणस्तरीयता सुनिश्चित् गर्ने उद्देश्यका साथ मिल (Monitoring, Evaluation, Accountability and Learning- MEAL)अवधारणा बाल विकास समाजले आफ्ना कार्यक्रममा कार्यान्वयन गरिरहेको छ । संस्थामा अनुगमन, मूल्यांकन, जवाफदेहीता र सिकाईको अभिलेखिकरण गर्न तथा लक्षित वर्गमा दीर्घकालिन परिवर्तन ल्याउनु यस मिल (MEAL) अवधारणाले योगदान पुऱ्याउँदै आएको छ । प्रत्येक कार्यक्रम तथा परियोजनाका न्यूनतम् मापदण्डका बारेमा समुदाय तथा लाभान्वित वर्गलाई जानकारी प्रदान गरी सो समुदाय तथा लाभान्वित वर्ग र सरोकारवाला निकायहरुलाई असन्तुष्टि भएको खण्डमा सुझाव, पृष्ठपोषण र गुनासो गर्ने प्रणालीको स्थापना गरी जवाफदेही बन्नु संस्थाको मुख्य कर्तव्य तथा जिम्मेवारी रहेको छ। जवाफदेहीताको एउटा महत्वपूर्ण विषयका रुपमा लिई संस्थाले गुनासो सुनुवाई तथा सुझावको लागि २ स्थानमा गुनासो पेटिका राख्ने, टोल फ्रि नम्बरबाट निशुल्क फोन र हरेक क्रियाकलाप संचालन गर्दा मिल फ्लेक्स व्यानरको व्यवस्था गरिएको छ भने यस अवधारणलाई-गुनासो सुनुवाई संयन्त्र व्यवस्थापन कार्यविधि २०७२ अनुरुप कार्य भैरहेको छ ।

**टोल फ्रि नम्वरको व्यवस्थाः**

संस्थाले संचालन गरेको कार्यक्रम वा कार्यप्रति लक्षित वर्ग, सरोकारवाला निकाय वा व्यक्तिबाट कुनै गुनासो, सल्लाह सुझाव लिनका लागि निशुल्क सम्पर्क नं. १६६०-०१-४३२१० वा मोबाइल नं. ९८६०४२३२२५ को व्यवस्था गरिएको छ । उक्त सल्लाह सुझाव तथा गुनासोलाई सो को प्रकृति हेरी समाधान गर्ने गरिएको छ।

१८) **विभिन्न तहमा बैठक संचालनः**

बाल विकास समाजले संचालन गरेका कार्यक्रमलाई प्रभावकारी बनाउन, आफ्नो उद्देश्य अनुरुप कार्यक्रमहरु संचालन गर्न, भावी योजना तयार गर्न तथा बाल अधिकार सम्वन्धि गतिविधिलाई अझ प्रभावकारी रुपमा संचालन गर्नको निमित्ति विभिन्न तहमा छलफल, अन्तरक्रिया तथा बैठकहरु संचालन गरिँदै आएको छ । जसमा निम्नानुसारका बैठकहरु यस वर्ष संचालन भएका छन् ।

- कार्यसमिति बैठक संचालन- ७ वटा
- विभिन्न विषयगत समितिहरुको बैठक संचालन - आवश्यकता अनुसार
- सिनियर म्यानेजमेण्ट टिमको बैठक संचालन-१२ वटा
- परियोजना तहमा बैठक संचालन - आवश्यकता अनुसार
- त्रैमासिक, अर्धवार्षिक तथा वार्षिक समिक्षा तथा योजना बैठक- ६ वटा

१९) **स्वयंसेवक परिचालन**

संस्थामा आवद्ध भई कम्तीमा १०० घण्टा समयावधी स्वयं सेवक भएर कार्य गने चाहने तथा सामाजिक क्षेत्रमा आफूलाई क्रियाशील गराउन चाहने व्यक्तिहरुबाट यस वर्ष स्वदेशी ३३ जनाले स्वयम्सेवक भएर कार्य गरेका छन् । सामाजिक सेवाका लागि दक्ष समाजसेवी जनशक्ति विकास गराउनु तथा स्वयंसेवी भावनाको विकास गराउनु यस कार्यक्रमको उद्देश्य रहेका छन् । स्वयंसेवकको रुपमा कार्य गर्नका लागि विदेशीबाटप्रतिव्यक्ति अमेरिकी डलर ५० बराबर र नेपालीबाट व्यक्तिगतको लागि रु. ५००/- तथा संस्थागतलाई रु. १०००/- रजिष्ट्रेशन शुल्कसमेत संस्थाले लिने व्यवस्था गरिएको छ ।

२०) **सामाजिक परिक्षण कार्यक्रमः**

बाल विकास समाजले विगतदेखि नै सबै परियोजना अन्तर्गत समुदायमा समेत सामाजिक परिक्षण गर्दै आएको छ भने संस्थाले आ.व. २०७४/०७५ को संस्थाको सम्पूर्ण कार्यक्रम तथा गतिविधि र त्यस बरावरको खर्चलाई समेटेर यस वर्ष पनि वार्षिक सामाजिक परिक्षण कार्यक्रम सम्पन्न गरेको छ। 'जवाफदेहिता र पारदर्शिता, हाम्रो प्रतिवद्धता' भन्ने नारासहित विभिन्न कार्यक्रम संचालन गर्दै आइरहेको सिलसिलामा आर्थिक तथा सामाजिक रुपमा पारदर्शिताकोलागि यस सामाजिक परिक्षण कार्यक्रम महत्वपूर्ण भएको थियो । सरकारी तथा गैरसरकारी निकाय, सरोकारवाला निकाय, लक्षितवर्ग, संस्थाका सदस्यहरु, कर्मचारी, संस्थाको शुभचिन्तकको उल्लेख्य सहभागितामा यस कार्यक्रम सम्पन्न भएको छ।

२१) बाल विकास समाजले आफ्ना गतिविधिहरूलाई अगाडि बढाउने क्रममा यस वर्ष हासिल गरेका केही मुख्य उपलब्धिहरू निम्नअनुसार उल्लेख गर्न चाहन्छु ।

- १५४ जना बालबालिकाले दिवा शिशु स्याहार केन्द्रको सुरक्षित वातावरणमा बाल विकासको आधारभूत आवश्यकताहरु प्राप्त गरेका छन् । भक्तपुरको इंटाभट्टामा संचालित ५ वटा दिवा शिशु स्याहार केन्द्रलाई भट्टा व्यवसायीहरुले आफ्नै स्वामित्वमा नै निरन्तरता दिइरहेको छन् ।
- भक्तपर जिल्लाको ईंटाभट्टमा कार्यरत ५०५ जना बालबालिका र १३८ जना सुविधा नपाएका बालबालिकाहरुले शिक्षा प्राप्त गर्ने सुविधा पाउनका साथै आइपर्न सक्ने जोखिमबाट संरक्षित भएका छन् ।
- यस वर्ष बाल विकास समाजले ६ वटा जिल्लाको २ वटा महानगरपालिका ९ वटा नगरपालिका र ८ वटा गाउँपालिकाका ७१ वटा वडाहरुमा रहेका लक्षित वर्गलाई कार्यक्रममार्फत सेवा दिन सफल भएको छ ।
- संस्थाले विगतमा केही सरकारी निकायसँग समन्वय गरी कार्य गरेकोमा यस वर्ष स्थानीय निकाय, गाउँपालिका, नगरपालिका, महानगरपालिका, जिल्ला समन्वय समिति, जिल्ला तथा केन्द्रीय बाल कल्याण समिति, महिला बालबालिका कार्यालय, शिक्षा कार्यालय, घरेलु कार्यालय, जिल्ला प्रशासन कार्यालय, जिल्ला जनस्वास्थ्य कार्यालय तथा स्वास्थ्य चौकी, श्रम कार्यालय, श्रम विभाग, श्रम मन्त्रालय, महिला बालबालिका मन्त्रालय, राष्ट्रिय पुनर्निमार्ण प्राधिकरण, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैर सरकारी संस्था एवं सम्बन्धित निकायसँगको समन्वय गरी कार्यक्रमलाई प्रभावकारी रुपमा संचालन गर्दै आइरहेको छ ।
- जोखिममा परेका बालबालिकाको उद्दार तथा राहतका लागि बाल संरक्षण कोषको निरन्तरता दिइएको छ ।
- भक्तपुर जिल्लाका ईंटाभट्टा क्षेत्रमा रहेका, अति जोखिममा परेका ११ जना बालबालिकाहरुको उद्दार तथा परिवारमा पुनर्स्थापना एवं पुनर्मिलन गराइएको छ ।
- उपत्यकाका ईंटा उद्योगमा रहेका बालबालिकाहरुको तथ्यांक संकलन गरी त्यहाँको बारेमा स्थिती प्रतिवेदन प्रकाशन गरिएको छ ।
- शहरी बालबालिकाको समस्या एवं सवाल पहिचान गर्न तथा समस्या न्यूनिकरणका शहरी बालबालिकाको क्षेत्रमा काम गर्ने ४५ वटा संघसंस्थाहरु बीच १३ सदस्यीय शहरी बाल अधिकार मन्चको गठन गरी बाल विकास समाज सो मन्चको संयोजक रहेको छ ।
- बालबालिकासँग सम्बन्धित विभिन्न सञ्जालहरुमा संस्थाले आफ्नो सक्रियतालाई निरन्तरता दिएको र उक्त संजालहरुमार्फत बाल अधिकार सुनिश्चितताको लागि प्रभावपूर्ण ढङ्गबाट पहल कदमी चाल्न सफल भएको छ ।
- सेभ द चिल्ड्रेनका साझेदारीमा संस्थाले निर्माण गरी प्रशारण गरेको बालश्रम निवारण सम्बन्धी प्रोमो २,९२,५०,००० जनाले श्रव्यदृश्य अवलोकन गरेका छन् । (श्रोतः मिडिया सर्भिस-Jay Venture (P.) Ltd.)
- गत वर्षहरुमा ७ वटा र यस वर्ष ३ वटा गरी भक्तपुरमा जम्मा १० वटा ईंटाउद्योगलाई बालश्रम मुक्त ईंटा उद्योग घोषणा गरिएको छ । साथै उक्त ईंटा उद्योगलाई प्रोत्साहन हुने गरी बालश्रम प्रयोग नभएको ईंटा मात्र प्रयोग गर्न समुदायमा सूचना जारी गर्ने गरी तयार गरेको भिडियो प्रोमो विभिन्न मिडियाबाट प्रशारण गरिएको छ ।
- बाल विकास समाजले यस आ.ब. २०७४/०७५ मा संचालन गरेका विभिन्न कार्यक्रमहरुका माध्यमबाट ६३५८ घरधुरीका २५,४२९ जना लक्षित वर्गका बालबालिका/किशोरकिशोरी, महिला तथा अभिभावक लगायत सरोकारवालाहरुलाई प्रत्यक्ष सहयोग गर्न सफल भएको छ । प्रत्यक्ष लाभान्वित संख्या २५,४२९ जना मध्ये ४१ प्रतिशत आदीवासी जनजाती, ४३ प्रतिशत ब्राम्हण/क्षेत्री/अन्य र १६ प्रतिशत दलित समुदायका व्यक्तिहरु समेटिएका छन् जसमा पुरुष/बालक ९,०४१ जना र महिला/बालिका १६,३८८ जना रहेका छन् ।

२२) बाल विकास समाजका कार्यक्रम तथा परियोजनाहरु प्रभावकारी रुपमा संचालन गर्नका लागि संस्थागत रुपमा निम्नानुसारका कुराहरुलाई सबल पक्षका रुपमा अगाडी बढाउँदै आएका छौं ।

- आजीवन सदस्य, कार्यसमिति तथा सल्लाहकारले पूर्णरुपमा स्वयम्सेवकका रुपमा कार्य गर्नु ।
- नियमित रुपमा संस्थाको नेतृत्व हस्तान्तरण हुनु ।
- समय, ज्ञान सीप र आर्थिक (Time, Tallency and Treasure-3T) पक्षबाट आजीवन सदस्य, कार्यसमिति तथा सल्लाहकारबाट सहयोग प्राप्त गर्नु ।
- पारदर्शीरुपमा समुदायस्तरदेखि नै कार्यक्रमहरु संचालन गर्नु ।
- गैर-राजनैतिक संस्थाको रुपमा परिचित गराई संस्थालाई अगाडी बढाउन सक्नु ।
- आफ्नै कार्यालय भवन हुनु ।
- बाल विकास समाज विभिन्न संजालहरुको संस्थापक हुनुका साथै बालबालिकासँग कार्य गर्ने विभिन्न संजाल एवं संस्थाहरुमा आवद्ध भई नीतिगत तहमा वकालत तथा पैरवीको कार्य गर्न अग्रणी भूमिका खेल्नु ।
- स्थानीयदेखि राष्ट्रिय स्तरसम्मका सरकारी निकायसँग राम्रो समन्वय र सम्वन्ध विकास गर्न सफल हुनु ।
- प्रतिवद्ध र सक्रिय कर्मचारीको समुह हुनु

२३) **बाल विकास समाजको यस वर्षको चुनौतिहरूः**

- स्थानीय स्तरमा काम गर्ने क्रममा सरकारी निकायका कर्मचारीहरु छिटो छिटो सरुवा हुने कारणले गर्दा समन्वय तथा सहकार्य गरी संचालन गर्नुपर्ने कार्यक्रमहरुमा कठिनाई भएको छ ।
- राज्य पुनर्संरचना पश्चात स्थानीय तहदेखि संघीय तहसम्ममा फरक फरक नियमहरु भएकाले समन्वय गरी कार्य गर्ने कठीन भएको छ ।
- संस्थाले एउटा इतिहास बनाएको दिवा शिशुस्याहार कार्यक्रम आन्तरिक स्रोत मात्रले संचालन गर्न कठिनाई भएको छ ।
- सबै परियोजनामा व्यवस्थापकीय खर्च विनियोजन नहुँदा र संस्थाको नियमित आम्दानीको स्रोत नभएकोले संस्थाको भैपरी आउने खर्चलाई व्यवस्थापन गर्न कठिनाई भएको छ ।
- यही अगष्ट २०१८ सम्ममा धेरैजसो कार्यक्रम तथा परियोजनाको समयावधी समाप्त भएको छ ।

२४, बाल विकास समाजले विगत वर्षहरू जस्तै आगामी वर्षमा पनि निम्नानुसारका गतिविधीहरु संचालनका लागि यस सभामा प्रस्ताव गर्दछु ।

१. स्थानीय, प्रादेशिक तथा संघीय सरकासँग समन्वय गरी सरकारको नीति नियम, निर्देशिका तथा कार्यविधी अनुरुप राज्यका निकायको सहयोगीको भूमिका निर्वाह गर्न कार्यक्रम तथा परियोजना संचालन गरिनेछ ।

२. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मञ्च तथा फोरमको सक्रिय सरोकारवालाको रुपमा रही बाल अधिकार प्रत्याभूतिका लागि वकालत तथा पैरवीको कार्य गरिनेछ ।

३. आर्थिक स्रोत संकलनका लागि राष्ट्रिय तथा अन्तराष्ट्रिय सहयोगी निकाय, शुभचिन्तक, आजीवन सदस्य, कार्यसमिति, सल्लाहकार तथा अन्य निकाय एवं व्यक्तिहरुसँग समन्वय गरिनेछ ।

४. बाल विकास समाज आवद्ध रहेको विभिन्न सञ्जालहरुका माध्यमबाट बालबालिकासँग सम्वन्धित ऐन कानून तयार गर्न तथा नीति निर्माण तहमा बाल अधिकारका मुद्दालाई स्थापित गर्न भूमिका खेलिनेछ ।

५. संस्थाको क्षमता (संस्थागत विकास तथा कर्मचारीको क्षमता विकास) अभिवृद्धि हुने खालका गतिविधीहरु संचालन गरिनेछ ।

६. बालबालिकाहरुको शिक्षा, स्वास्थ्य, बाल संरक्षण, बाल सहभागिता, परिवार सहयोग, वकालत तथा पैरवी जस्ता विषयगत क्षेत्रमा आधारित रही आफ्ना गतिविधी तथा अभियानहरु संचालन गरिनेछ ।

७. प्राकृतिक विपत्ती तथा अन्य जोखिममा रहेका बालबालिका, इँटाभट्टा, जरी कारखाना तथा अन्य श्रम क्षेत्रमा रहेका बालबालिकाका, सुविधाबाट बञ्चित भएका बालबालिकालाई लक्षित गरी कार्यक्रमहरु संचालन गरिनेछ ।

८. संस्थाको आफ्नो नियमित गतिविधीहरु जस्तैः दिवा शिशु स्याहार कार्यक्रम, स्वास्थ्य कार्यक्रम, बाल क्लव सहयोग कार्यक्रम, छात्रवृति सहयोग कार्यक्रम तथा विद्यालय युवा सशक्तिकरण जस्ता कार्यक्रमहरुलाई निरन्तरता दिइनेछ ।

९. स्थानीय निकायलाई सहयोग गर्नका लागि तथा उक्त क्षेत्रलाई बालश्रम मुक्त बनाउनका लागि बालश्रमको सम्भाव्य जोखिम नक्साङ्कन (विश्लेषण) गर्ने तथा बालश्रम रहेका क्षेत्रमा खोज तथा अनुसन्धानमूलक कार्य गरी अध्ययन प्रतिवेदन तयार गर्ने तथा आवश्यकता अनुसार प्रकाशन प्रशारणका कार्यलाई प्राथमिक दिइनेछ ।

१०. ईंटाउद्योगहरुलाई बालश्रम मुक्त क्षेत्र बनाउने अभियानलाई निरन्तरता दिइनेछ ।

११. महिला तथा आमाहरुका माध्यमबाट बालअधिकार प्रत्याभूति गर्ने, परिवार, अभिभावक र समुदायमा बाल अधिकार सुनिश्चित गर्न जनचेतनामूलक कार्य गरिनेछ ।

अन्त्यमा, बाल विकास समाजलाई आफ्नो उद्देश्य अनुसार लक्ष्य प्राप्त गर्न सहयोग गनुहुने बाल सल्लाहकार समिति, लक्षित वर्ग, बालबालिका, अभिभावक तथा समुदायका व्यक्तिहरु, कर्मचारी, आजीवन सदस्य, कार्यसमिति, सल्लाहकार, विभिन्न सरोकारवाला निकाय तथा व्यक्तिहरु, स्थानीय तहका जनप्रतिनिधीहरु, सरकारी निकाय, विषयगत संजालहरु, संघसंस्था, आम संचार माध्यम, राजनैतिक दलहरु, सहयोगी संस्था एवं विकास साझेदारी संस्थाहरु सबैलाई हार्दिक धन्यवाद तथा कृतज्ञता ज्ञापन गर्न चहान्छु । साथै आगामी दिनमा पनि विगतमा जस्तै सहयोग र सहकार्यको अपेक्षा गर्दछु ।

तेस्रो धार

# पशुमुत्रको उचित स्याहार : दिगो कृषिको मूल आधार

-डा. श्रीभगवान ठाकुर

हरित कान्तिको आगमनसँगै कृषि क्षेत्रमा उत्पादन वृद्धिका लागि धेरै मात्रामा आयातित स्रोतहरूको प्रयोगको शुरूआत भएको छ। खाद्यान उत्पादन बढाउनको लागि जथाभावी रूपमा रासायनिक मल, विषादी, सुक्ष्म तत्व, आदिको प्रयोग हुन लाग्यो । जनसंख्या बृद्धिसंगै कृषि कार्य व्यवसायिक रूपमा वढ्दै जाँदा यी आयातित वस्तुको प्रयोगमा तिब्रता आएको तथा रोग र कीराको प्रकोप पनि बढ्दै गएको छ । रोग र कीराले मात्रै कृषि बालीमा २५ देखि ३० प्रतिशतसम्म उत्पादनमा ह्रास ल्याउँछ । जनसंख्या वृद्धि, जलवायु परिवर्तनले वातावरण र कृषि उत्पादक्वमा पारेको नकरात्मक प्रभाव, खाद्यान संकट, युवा विदेश पलायन जस्ता समस्याहरूले कृषिक्षेत्र अति नै प्रभावित भएको छ।

ती रासायनिक वस्तुहरूको प्रयोगले कृषि उत्पादनमा त क्षणिक वृद्धि हुन्छ तर विशेष गरेर रासायनिक विषादीको प्रयोगले मानिस र पशुवस्तुको स्वास्थ्य तथा वातावरणमा भने नकारात्मक असर पारिरहेको छ । यी रासायनिक विषादी अनियन्त्रित र जथाभावी रूपलेप्रयोग गर्दा उत्पन्न हुने समस्या कृषकहरूले पनि भोग्दै आएका छ । रासायनिक विषादीको प्रयोगलाई न्यूनिकरण गर्दै एवं रोग कीराकोएकीकृत व्यवस्थापनलाई पनि सँगैसँगै लाने क्रममा जैविक वा वानस्तीक विषादीको अवधारणा आएको छ । केहि कृषकहरूले रासायनिक विषादीको नकारात्मक असरबारे ज्ञान भै सकेकोले आफ्नै घरवरिपरि पाइने बनस्पति र जैविक बस्तुको प्रयोग गरि रोग किरा व्यवस्थापन गर्न सकिन्छ । यति मात्र नभै हाम्रा पूर्वजहरूले प्रयोग गर्दै आइरहेका प्रविधिहरू पनि रोग कीरा व्यवस्थापन गर्न उपयुक्त मानिएको छ । यी तरिकाहरूले मानव स्वास्थ्य तथा वातावरणमा नकारात्मक असर कम गर्न सकिन्छ ।

अर्को तर्फ, गाईवस्तुको गहुँत र गोबरको समुचित व्यवस्थापन न हुँदा लाखौं रूपैया बरावरको बोट विरूवाका आवश्यक तत्वहरू खेर जाने र जलवायु परिवर्तनलाई सहयोग पुचाउने हरित गृह ग्याँस उत्सर्जन बढाउने कार्य भइरहेको छ । गाईवस्तुको गोबर भन्दा बढी शक्तिशाली पिसाबलाई समुचित व्यवस्थापन गर्न टड्कारो देखिन्छ ।

**पशुवस्तुको पिसाबको महत्व:**

गाईको गहुँतमा भएको विभिन्न रसायनहरू (क्रियाटीनिन, सल्फर, कार्बोलिक एसिड, फेनोल, केही लवण, भिटामीन आदि) मा एन्टिब्याक्टेरियल, एन्टिफंगल, एन्टिभाएरल, एन्टिक्यान्सर, भोक बढाउन एवं पाचन, रगत, पिसाब, प्रजनन (यौन दुर्बलता) सम्बन्धी समस्या समाधान गर्ने गुणहरू पाईन्छन् । धार्मिक साँस्कृतिक हिसावले पनि गोमुत्रको अति नै महत्व रहको छ ।

नेपालमा करीब गाई भैंसीको संख्या१ करोड २५ लाख २५ हजार ४ सय ८५ रहेको छ ( पशु सेवा विभाग २०७४/७५)।साधारणतया एउटा गाईवस्तु (३०० किलो वजनको) १ दिनमा सरदर १८-२० लीटर पिसाव गर्छन तर कृषकको घरमा साना ठूला गरी सरदर प्रति दिन ४ लिटरका दरले अनुमान गरेर हिसाब गर्दा पनि नेपालमा ५० हजार मे.टन पिसाब निस्किन्छ । । पिसाबमा सरदर १-२ प्रतिशत नाइट्रोजन पाइन्छ । तर औसतमा १.५ प्रतिशत मात्र मानेर हिसाब गर्दा पनि मोटामोटी ७५ हजार मे. टन भन्दा बढी नाइट्रोजन अर्थात १ लाख ६० हजार मे.टन बराबरको युरिया हुन आउँछ ।

**मलको स्थिति:**

पशुमुत्र संकलन एवं सदुपयोगको अभावमामुत्रमा पाईने विरूवालाई चाहिने नाइट्रोजन नोक्सान भैरहेको अवस्था एकातिर छ भने अर्कोतिर बाली बिरूवालाई चाहिने खाद्यतत्वहरूमध्ये सबभन्दा बढी नाइट्रोजन तत्व बाहिरबाट बर्षेनी आयात गर्नु परेको छ । रासायनिक मल हालसम्म नेपालमा बन्न नसकेकाले विदेशबाट आयात गर्नु पर्ने, अन्य तत्वहरू जस्तो यो स्थिर भएर रहन नसक्ने अवस्थामा बालीविरूवालाई चाहिने नाइट्रोजन पूर्तिका लागि युरियार डी.ए.पी. बाहिरबाट आयात गर्न सरकार तथा किसानहरूलाई धौ-धौ परेको छ । २०७३/२०७४ मा नेपालमा २०७३/२०७४ मा १ लाख १६ हजार ६ सय ३२ मे. टन यूरिया प्रयोग गरिएको थियो र यस आ.व.२०७५/२०७६मा १ लाख मे.टन (४६,००० मे.टन नाइट्रोजन) आयात गरिने योजना रहेको छ ।

तर धेरैजसो गाई भैंसीको मुत्रबाट पाइने नाइट्रोजनमध्ये ८०-९०% त्यसै उडेर खेर गएको छ । गाई भैंसीको गहुँतलाई सकंलन र प्रयोग गर्न सकेमा यसबाट प्राप्त हुने नाइट्रोजन विदेशबाट आयात गरिएको युरियाको तुलनामा सस्तो र प्रभावकारी हुन्छ । त्यसैले रासायनिक मलको असन्तुलित प्रयोगबाट मानव तथा वातावरणमा हुने नकारात्मक असरबाट बच्न पशुमुत्रमा भएको नाइट्रोजन बचाउन र सदुपयोग गर्नमा ध्यान दिनु जरूरी छ । अतः गाईवस्तुको गहुँतलाई समुचित संकलन तथा प्रयोगबाट स्वस्थ्य बालीनाली उत्पादनमा बृद्धि तथा वातावरण जोगाउनमा समेत सहयोग पुऱ्याई जलवायु परिवर्तनको असर कम गर्न सकिन्छ ।

**पशुमुत्रको संकलन तथा प्रयोगबाट फाइदा:**

क) युरीया मलमा पाइने नाइट्रोजन तथा म्युरेट अफ पोटासमा पाइने पोटास सजिलै परिपूर्ति गरी ठूलो रकम बिदेशिनबाट जोगाउन सकिने,

ख) पशुमुत्रबाट वानस्पतिक विषादी बनाएर बालीनालीको रोग कीरा व्यवस्थापन तथा सुक्ष्मतत्वको पूर्ति गर्न सकिने

ग) रासायनिक मल तथा विषादीको मात्रा घटाई उत्पादन लागत घटाउन सकिने,

घ) गाईवस्तुको भकारो सफा भई रोगव्याधि कम हुने र दूधको उत्पादन बढने,

ङ) बालीविरूवामा प्रयोग गर्दा पिसाबसंगै सिंचाई पनि हुने

च) गोबर ग्याँसमा प्रयोग गर्दा मिथेन ग्यास बढी उत्पादन हुने,

छ) गोठेमलको गुणस्तर बढाउन सकिने।

**पशुमुत्र र युरीयाको तुलनात्मक हिसाव:**

नेपालमा मध्यम किसान परिवारमा सरदर ५-६ वटा (वयस्क र बच्चा) गाईवस्तुको हिसाव गर्दा, उक्त गाईवस्तुबाट प्रति दिन सरदर २० लीटर र प्रति महिना ६०० लीटर प्राप्त हुन्छ र उक्त पशुमुत्रबाट प्रति दिन ३०० ग्राम र प्रति महिना ९ किलो नाइट्रोजन जुन प्रति महिना लगभग २० किलो यूरीयाको बरावर हुन्छ । यसरी हिसाव गर्दा १.५किलो नाइट्रोजन १०० लीटर पिसावबाट पाईन्छ र१ किलो युरियामा ४६ प्रतिशत नाइट्रोजन पाईन्छ भने, १ किलो युरियाको लागि ३१ लिटर पिसाब जम्मा गर्नु पर्ने हुन्छ । अव साधारणतया डेढ कठा वा १ रोपनी तरकारी खेती गर्ने कृषकलाई ११.५ किलो युरिया आवश्यक पर्दछ भने उक्त कृषक परिवारलाई ३५७ लीटर पशुमूत्र संकलन गर्नु पर्दछ । सो युरिया पूर्ति गर्न प्रति कृषक १ गाईवस्तु पाल्नेले १५२ दिन (५महिना) र ५ पाल्नेले जम्मा १७ दिनमा पूर्ति गर्ने हुन्छ ।

यस्तै १ बोरा युरीयाको लागि १,५३३ लीटर पिसाव जम्मा गर्न ५ वटा गाईवस्तु पाल्ने कृषकलाई २.५ महिना लाग्ने हुन्छ । उक्त कृषकले अरू तत्वहरू बाहेक सरदर २.५ महिनामा प्रति बोरा रू. १,२०० का दरले युरीयाबाट बचाउदा प्रति वर्ष ५ बोरा युरीया बरावर नाइट्रोजन पाउँदा वर्षमा रू. ६हजार सम्म बचाउन सकिन्छ ।

**गाईवस्तुको पिसाब संकलन तथा संरक्षण गर्ने तरीका:**

गाईवस्तुको पिसावलाई आफ्नो वरपर रहेको स्रोत साधन तथा क्षमता अनुसार निम्न तरीकाले मूल्यवान पिसाव संकलन तथा संरक्षण गर्न सकिन्छ ।

- भकारोको भूईलाई सिमेन्टद्वारा पक्की बनाई मूत्र संकलन ट्यांकी बनाएर,
- पाइपबाट प्लाष्टिक ट्यांकीमा जम्मा गरेर,
- गोठभित्र सानो खाल्टो बनाएर,
- गोठमा बाक्लो सोस्ने सोतर प्रयोग गरी मुत्रको संरक्षण गरेर ।

गाईवस्तुको गहुँत प्रयोग गर्ने तरीका:

रोग कीरा व्यवस्थापन तथा विरूवालाई पोषकतत्व पूर्तिको लागि किसानहरूले प्रयोग गर्दै आईरहेको तितो, पिरो, अमिलो, टरो वनस्पतिहरू (नीम,बकाईनो, असुरो, तितेपाती, आँख, हरो, बरो, लसुन, प्याज, खुर्सानी, आदि) पिसावमा मिसाई वानस्पतिक विषादी: गितीमल, चिया मल, आदि स्थानिय तरिकाबाट बनाएर प्रयोग गर्न सकिन्छ । साधारणतया १५ दिन अवधि पुगेका पशुमुत्र विरूवाको अवस्था हेरि १ भाग मुत्रमा ४ भाग, ६ भाग र ८ भागपानी मिसाएर प्रयोग गर्न सकिन्छ । यसलाई गोबरग्यासमा, थोपा सिंचाईमा, स्प्रीङ्लरमा पनिप्रयोग गर्न सकिन्छ ।

**गोठको पक्की भुइँ तथा पिसाव टंकी बनाउन लागत खर्च:**

पाँचवटा गाईवस्तुको लागि पक्की भूइँको खर्च आंकडा गर्ने हो भने सिमेन्ट ३ बोरा रू.३,०००, बालुवा ९ बोरारू. ४५०, गिट्टी १८ बोरा रू. १,२५०, ढुंगा २५ टोकरी रू. १,५००,मिस्त्री खर्च रू. २,००० र श्रमिक (४ जना) खर्च रू. २,००० गर्दा जम्मा लागत रू.१०,२०० मा तयार हुँदा १० वर्ष आयु हुने । त्यस्तै पिसाव संकलन गर्नका लागि प्लाष्टिक पाइप २-३ मी. रू.२००, प्लाष्टिक ट्यांकी १०० लिटर रू.१०००वा पक्की ट्यांकी (१X१X१मि.) रू.१,००० गरी रू.२,२०० खर्च हुदाँ कुल लागत रू.१२,४०० मा गोठको पक्की भूई बनाउन सकिन्छ । यो खर्च १० बोरा युरीया बराबरको हुन आउँछ र जुन २ वर्षको पिसाव जम्माबाट प्राप्त गर्न सकिन्छ ।

अतः नेपालको समृद्धिको नारालाई साकार पार्न गरीवी न्युनीकरण, खाद्य सुरक्षा र जलवायु परिवर्तनका असर न्यूनीकरणका लागि कृषिक्षेत्रलाई दिगो बनाउन अति नै आवश्यक रहेको छ । अब सबै तहबाट दिगो कृषिको लागि मानव पशुस्वास्थ्य तथा वातावरण संरक्षण गर्नका साथै देशको ठूलो रकम बिदेशिनबाट रोक्न पशुमुत्रको समुचित संकलन तथा सदुपयोगमा ध्यान जानु जरूरी देखिन्छ । यसका लागि विशेष किसिमको कार्यक्रम "पशुमुत्रको उचित स्याहार: दिगो कृषिको मूल आधार" नारा बनाई बृहत रूपमा स्थानीय सरकारको नेतृत्वमा प्रदेश सरकार तथा संघीय सरकार तथा अन्य दातृ संस्थाको सहयोगमा संचालन गर्नु अति नै आवश्यक देखिन्छ ।

*(मधेश दर्पण फिचर सेवा)*

## आश्चर्यजनक...

देश जस्तै विकसित हुँदै जानुपर्नेमा पश्चगमन १५ औं शताब्दीतिर फर्किंदैछ । गुण्डाराज भएको छ, सक्नेले जे गरे पनि हुने भएको छ । पहिले राणाहरु त्यसपछि श्री ५ महेन्द्र र त्यसपछि दाजुको वंश संहार गरेर अवैध बाटोबाट अवैध राजा भएका श्री ५ ज्ञानेन्द्र र गिरिजा, त्यसपछि सामाजिक सुरक्षा भत्ता मासिक ५ हजार रु. एमाले पार्टीले बहुमत ल्यायो भने दिन्छ भनेर घोषणा गरे, गरिब, भोका नांगा त्यस श्रेणीका मानिसले भोट दिए पार्टी असल, सिद्धान्त राम्रो भनेर भोट दिएका होइनन्, त्यही मासिक ५ हजार रुका दर अथवा आशले । उता नेताहरुलाई यस्तो बहुमत आउँछ भन्ने आशै थिएन । झन् दुईतिहाई मत पो आयो । यता ओली हावदारी कुरा र उखान टुक्का बतासे कुरा गर्न माहिर । ०२६।२७ साल झापामा नक्सालवादी काण्ड मच्चाइ टाउको काट्ने काण्डमध्येका एक पात्र १४ वर्ष यसै काण्डमा जेल बसेका यस्ता व्यक्तिको हातमा दोस्रो पटक पनि झन् दुईतिहाई मतको सरकार प्रमुख भए । अनि पानीजहाज चलाउने देशभर छ्यापछ्याप्ती रेल मेट्रो रेल कुदाउने, घरघरमा ग्यासपाइप जडान गर्ने यस्ता हावादारी कुरा गर्न थाले । कसो अमेरिका आदि देशले चन्द्र मंगल लोकहरुमा बस्ती बसाउने भनेजस्तै म पनि के कम सूर्यलोकमा बस्ती बसाउँछु भन्नु भ्याएका छैनन्, भनेमा पनि आश्चर्य मान्नुपर्ने छैन ।

अगाडि पौराणिक कालमा श्रीकृष्णलाई समुद्रमा विश्वकर्मा मय दैत्यले द्वारकापुरी बनाएका थिए । त्यस बखत विश्वकर्मा र मयले भव्य महानगर र दरबार बनाउँथे । पाण्डवलाई इन्द्रप्रस्थ नगर, स्वस्थानी व्रतकथामा वर्णित त्रिपुर, रावणपुत्र नरान्तकको राज्य पनि यही शून्य आकाशमा थियो भन्ने पौराणिक ग्रन्थहरुमा छ ।

यता राजनेता माधव नेपालले देशमा बढ्दै गएका विविध अकल्पनीय दुर्घटनामा भावविभोर भएर प्रस्फुटन भएका दुर्घटनाले देश अराजकतामा डुब्न लाग्यो भन्दा उनी म पानीजहाज लिएर आउँछु, देश डुब्न दिन्न भन्न लाज मान्दैनन् । कांग्रेस नेता किसुनजीले पनि मेलम्चीको पानीले वीरगन्ज सडक धुन्छु भनेका थिए ।

आजको वैज्ञानिक युगमा पृथ्वी, समुद्र आकाशभित्र के के चिजहरु छन्, सूर्यादि नवग्रहहरुमा कस्ता कस्ता के के वस्तु छन् वैज्ञानिकहरुले उत्तरोत्तर सफलता हासिल गरेका छन् । मानिसको शरीरभित्रका अलग अलग हिस्साको जानकारी रोगव्याधि निदानको उपाय पत्ता लगाई सफलता पनि प्राप्त गरेका छन् ।

तर बिष्टा खाने कुकुरले पनि सजिलै पत्ता लगाउने निर्मला पन्त काण्डमा रविता भनिने अनिता बमका दिदीबहिनीहरुकै घरमा बलात्कार र हत्या भएको छ । एसपीका बाबुछोरा मेयरको भतिजो आष इ.एकेन्द्र खड्का सीडीओ कुमारबहादुर खड्का कति कतिले बलात्कार र हत्या गरे, घरको भित्ता, कोठाहरुमा परेका रगत र बीर्यका छिटा किन हतार हतार पोतिया, अम्बाको रुख काटिनु मृत निर्मलाको योनीको रगत वीर्य धुनु, सुरुवालको रगत बीर्य धुनु सादा पोसाक लगाएकी चाँदनी साउद भनिने प्रहरी महिलालाई इ.एकेन्द्रले किन धुन लगायो । नमक हराम सीडीओ कुमारबहादुरले लास चाँडै जला नत्र... भनेर निर्मलाका बाबुआमालाई डर देखाउने, बाबुआमा र आफ्नै मामा हुँदाहुँदै त्यो कंस मामा तीर्थ भण्डारीलाई शब बुझ्न लगाई हतार हतार दशी प्रमाण लुगाहरु समेत ५ सात सय प्रहरी मलामीको रुपमा पूरै हातहतियारसहित कुमारबहादुर खड्का, सीडीओले शब जलायो । हत्याराहरु यिनै हुन् ।

जेलबाट फरार भएका गणेशमानलाई हरिशमशेर जर्नेलले सयकडौं कोर्रा बयान गराउँदा हानेको थियो । यो बलात्कार र हत्या पत्ता लगाउन पूर्वोक्त प्रत्यक्ष अपराधीहरु सीडीओ, एसपी इं. एकेन्द्र, बबिता बम र उसकी बहिनी बमहरु र डोटेली तीर्थ भण्डारी । यिनीहरुलाई सार्वजनिक रुपमा नागरिक समाजका अगाडि बयान गराउनुपर्छ । ३।४ मिनेटभित्रै पत्ता लाग्छ ।

यस्तै ०७५।४।२० का दिन भक्तपुरकी चियापसले चमेली खड्काका पुत्र ११ वर्षीय निशान खड्का अपहरण र हत्याकाण्डमा गोपाल र अजय तामाङलाई घरबाट पक्रेर हत्कडी लगाई पिट्दै लैजाने पुलिसले पाइलट बाबाआश्रमको जंगलमा देखिए र पक्रन खोज्दा भागेर गोली हान्दा मरे भन्ने पुलिसहरु सबै अपराधी हुन् । तलदेखि माथिसम्मका पुलिसहरु दोषी हुन् । यी दुवै हत्याकाण्ड पुलिसमाथि विश्वास भएन अन्तर्राष्ट्रियकरण गरेर इजरायल ब्रिटेन अमेरिका जर्मनी जापान या विदेशी पुलिस संस्थालाई सुरुदेखि अन्त्यसम्म अनुसन्धान गर्न पूर्ण अधिकार र उनीहरुको माग अनुसार सुरक्षाको ग्यारेन्टी नेपाल सरकारले दिनुपर्छ ।

'न्यू द इम्पेरर्सक्लोथ' का सम्राटले लुगा या पोसाक लगाएको थियो किथियेन साना केटाकेटीहरुले सम्राटलाई नांगै देखे ठूलाले देखेनन् । यहाँ निर्मला पन्त काण्ड सारा जनताले देखिरहेका छन् तर सरकार र पुलिस प्रशासन देखिन भन्छन् किनभने यो काण्ड गराउने नै पुलिस प्रशासन हो ।

गुन्डानाइकेहरुलाई बोक्दा गन्हाएको, २२२ दिन (७ महिना १२ दिन) पहिले नै एक्पाएर भएको गोपालप्रसाद पराजुलीलाई ६५ वर्ष पुगेको छैन । वैद्य प्रधानन्यायाधीश गोपाल पराजुली हुन् भनेर राष्ट्रपति जस्तो राष्ट्रिय गरिमामयी पदको शपथग्रहण गराएकोमा जुन भुसको आगोजस्तो दुर्गन्ध थियो, अहिले निर्मला पन्तको सुनामीले विश्वभरि दुर्गन्ध फैलिएको छ ।

## गणतन्त्रकी...

हातको टीका लगाउन नारायणहिटी पुग्थे । जो टीका थाप्न जाँदैनथ्यो त्यो राजद्रोही कहलिन्थ्यो र दण्डको भागिदार बन्थ्यो । हिन्दु धर्ममा भगवानको पनि विकल्प हुन्छ तर राजाको विकल्प त्यसबेला थिएन । नागरिकहरु कतिपय रहरले धेरैजसो बाध्यता अनि ईश्वर अर्थात् राजाप्रतिको आस्थाले राजबाहुलीबाट टीका ग्रहण गर्थे दशैंमा । त्यसबेला संविधानले नेपाललाई हिन्दुराष्ट्रका रुपमा राखेको थियो । अहिले ती सबै इतिहास भएका छन् । जनता रैतीबाट नागरिक भएका छन्, देश गणतान्त्रिक छ, नेपालले धर्मनिरपेक्ष राष्ट्रको नयाँ पहिचान बनाएको छ । केन्द्रीकृत राजशासन सदाको लागि अन्त्य भएको छ र संघीय शासन प्रणालीमा मुलुक बामे सर्दैछ । राज्य सत्ता जनताका हातमा छ । तर संस्कार भने शीतलनिवासले राजाकालीन नै रहेको झल्को दिएको छ । लाग्छ राष्ट्रपति पद राजाको परिवर्तित पद हो ।

देश धर्मनिरपेक्ष घोषणा भएसँगै नेपाली संस्कृतिमाथिको बाह्य अतिक्रमण पनि त्यत्तिकै बढेको छ । दशैं मनाइनु भन्ने आवाज इशाइ कोणबाट उठिरहेको छ । हिन्दु नेपाली नारीहरुको महान पर्व तीज खारेज गरिनुपर्छ भन्ने आवाज उठाइन थालेको छ । दशैंलाई बहिष्कार गरौं भन्दै इसाइ धर्मावलम्बीहरुले सडकमा जुलुस नै निकालेका छन् ।

नेपालीहरुका मौलिक चाडपर्वहरु नष्ट गराएर सिंगै देशलाई क्रिश्चियनकरण गर्न भ्याटिकनसिटी लगायत पश्चिमा देशहरुले नेपालमा अरबौं डलर लगानी गरिरहेका छन् । सगरमाथा, बुद्ध र हिन्दुहरुको एकमात्र देशका रुपमा विश्व जगतमा नेपालको पहिचान थियो । तर नेताहरुले धर्मनिरपेक्ष देशका रुपमा नेपाललाई खडा गरी हिन्दुहरुको आस्थाको जबर्जस्ती बलात्कार गरिदिएपछि हिन्दु धर्म र संस्कृति नै नामेट हुने स्थिति सिर्जना भएको छ । मौलिक पहिचान धरापमा पर्दै जानु भनेको नेपाली जातिकै अस्तित्व संकटमा पर्दै जानु हो । भाषा, पोसाक, धर्म र संस्कृतिमाथि भइरहेको परोक्ष/प्रत्यक्ष आक्रमणले नेपाली पहिचान विलुप्त हुने चिन्ता त्यत्तिकै बढिरहेको छ । जातीय अस्तित्व र मौलिक पहिचानलाई कायम राख्ने सांस्कृतिक पर्व हो दशैं । आसुरी शक्तिमाथि विजयको प्रतीकको रुपमा दशैंलाई स्मरण गरिन्छ । भाइचारा सम्बन्ध कायम राख्न, मनका द्वेषहरु मेटाउन, 'सर्वे भवन्तु सुखिन' को कामनास्वरुप हर्षोल्लाससाथ दशैं पर्व मनाउने परम्परा रहेको छ । तर शीतलनिवासले जुन शैलीमा टीका ग्रहण गर्न नागरिकलाई बाध्य बनायो, त्यसले रमाइलो पर्व दशैंलाई नै विवादमा तानिदिएको छ । मान्यजनबाट टीका ग्रहण गरेर आशिर्वाद लिने मौलिक प्रचलनलाई 'आदेशात्मक रुपमा घुँडा मारेर टीका लगाउनुपर्ने परिस्थिति निर्माण गरिनु नेपाली संस्कृतिमाथिकै सानो मजाक होइन ।

राष्ट्रपतिले सर्वसाधारणलाई टीका लगाइदिनैपर्ने कुनै धार्मिक कारण छैन न त संवैधानिक बाधयता नै । राज्य ढुकुटीबाट चामल, रंग, जमरामा खर्च गरिनु गरिब मुलुकको हित विपरीत छ । अझ धर्मनिरपेक्ष देशकी राष्ट्रपतिले हिन्दु साम्राज्ञीको शैलीमा नागरिकलाई गद्दीमा बसेर टीका लगाइदिनु झनै आपत्तिजनक छ । राष्ट्रपतिको हातको टीका ग्रहण गर्नु नेपाली सेनाका लागि बाध्यता हुन सक्छ, राष्ट्रपति सेनाका परमाधिपति भएकोले । अरु सर्वसाधारण, रिटायर्ड कर्मचारीहरु, बहालवाला कर्मचारीहरुले राष्ट्रपतिको हातको टीका थाप्न शीतलनिवासमा लाइन लाग्नु चाप्लुसी र चाकडीको अनुपम उदाहरण प्रस्तुत गर्नु मात्र हो । दशैंमा नागरिकलाई टीका लगाइदिएर पदीय शान देखाउने राष्ट्रपति भण्डारीले क्रिसमस, रामजान र बुद्धजयन्तीमा पनि के यस्तै प्रकारको कार्यक्रम शीतलनिवासमा आयोजना गर्नेछिन् ? कि शुभकामना वक्तव्य मात्र फाल्ने छिन् ?

राजकीय शानका साथ नवदुर्गा भवानीको दर्शन गर्न मन्दिर जानु, भोटोजात्राको नजर गर्नु, तीजमा पशुपति दर्शनमा सवारी चलाउनु जस्ता धार्मिक कार्यमा सरिक हुने राष्ट्रपतिले धर्मनिरपेक्ष संविधानकै खिल्ली उडाइरहेकी छिन् । संविधानतः राष्ट्रपति पद सेरेमोनियल पद हो । धार्मिक गतिविधिमा राष्ट्रपतिको बढ्दो सक्रियताले पूर्व राजा ज्ञानेन्द्रकै झल्को दिइरहेको छ । संवैधानिक राष्ट्रपतिले गल्ती गर्दैनन् र विवादमा तानिँदैनन् भन्ने मान्यता छ । शीतलनिवासलाई नयाँ नारायणहिटी बनाइनु गणतन्त्रको उपहास गरिनु हो । अझ विद्या भण्डारी वर्गविहीन समाजको परिकल्पना गर्ने कम्युनिस्ट हुन् । यस्तो व्यक्तित्वले वर्गीय विभेदको शाहीकालीन अनुशरण गरेर नागरिकलाई झुकाएर, घुँडा टेकाएर टीका लगाइदिनु..... भन्दा देख्नेलाई लाज भनेजस्तै हो ।

बालुवाटारले पनि टीका लगाउन समय दिन तोकेर उर्दी जारी गर्नु लोकतान्त्रिक व्यवस्थाको मर्ममाथि प्रहार गर्नु हो । बरु राष्ट्रपति, प्रधानमन्त्रीले देशकै सबैभन्दा वृद्धसँग टीका ग्रहण गरेर दशैं पर्वको महत्व दर्शाउन सक्नुपर्थ्यो । वृद्धवृद्धाहरुबाट आशिर्वाद लिनु पदीय मर्यादालाई अझ बढाउनु हो । व्यक्ति पदले ठूलो हुँदैन । उसले अंगिकार गरेको आचरणले ठूलो हुने हो । नौवटा हात भएर सिंहमाथि बसेर मात्र दुर्गामाता पूजनीय भएकी होइनन् । आसुरी शक्ति समाप्त पारेर दुनियाँलाई अमनचैन दिलाएकीले उनी पुजनीय र बन्दनीय भएकी हुन् ।

## पुनर्निर्माणमा...

२०७२ को गोर्खा भूकम्पले क्षति पुगेको छ । काभ्रेको धुलिखेलबाट महोत्तरीको बर्दिबास जोड्ने उक्त राजमार्ग जापान सरकारले नै बनाइदिएको थियो ।

कार्यक्रममा राजदूत मिसामिचीले जापानले नेपाललाई उपलब्ध गराएको यो रकम हालसम्मकै सबैभन्दा ठूलोमध्येको एक अनुदान सहायता भएको जानकारी दिए र यसलाई पूरा गर्न २० वर्ष लागेको बताए ।

## भ्रष्टाचारको...

८१ औं स्थानमा, चीन ७७ औं स्थान हासिल गर्दै ४१ अंकमा भूटान ६७ स्कोरका साथ धेरै अगाडि २६ औं स्थानमा छ । त्यस्तै पाकिस्तान ३२ अंकसहित ११७ औं मा परेको हो । कतार भने ६३ अंकले २९ औंमा रहेको छ र साउदीले पनि २०१६ को अंकलाई बढाउँदै ५७ औं स्थान प्राप्त गरेको छ ।

## घिनौना...

पुरुषले गर्न मिल्ने कार्य हो ? प्रहरीले हनी ट्र्यापिङ अपराधमा संलग्न भनेर युवती र तिनको सहयोगीलाई पक्राउ गरे पनि अर्काकी छोरीचेलीसँग मस्ती गर्ने चरित्रहीन व्यापारीबारे किन जानकारी दिँदैन ? यहाँ गम्भीर प्रश्न उठेको छ ।

## घाटाको...

दिन देशले झण्डै ४ अर्बको ब्यापार घाटा बेहोर्ने गरेको छ । तीन महिनाको औसत ९० दिनलाई आधार मान्दा भन्सार विभागको तथ्यांक अनुसार देशले एक दिनमै ३ अर्ब ८८ करोडको ब्यापार घाटा बेहोर्ने गरेको छ । यो क्रम हरेक बर्ष बढ्दै गएको छ । आधा भन्दा बढी घाटा त छिमेकी देश भारतसँग मात्रै हुने गरेको छ । यो तीन महिनामा पनि ६३.२ प्रतिशत व्यापार घाटा भारतसँग मात्रै छ । चीन, जर्मनी, फ्रान्स, बेलायत, अमेरिका, साउदी अरबलगायतका देशसँग नेपालको व्यापार घाटामा छ । असोज महिनामा ४० अर्ब २९ करोड राजस्व संकलन, सबैभन्दा बढी रसुवा भन्सार कार्यालयबाट उठ्यो । बढी राजस्वमुखी भएको आरोप लाग्दै आएको बर्तामान सरकारले तीन महिनामै १ खर्ब १२ अर्ब ३५ करोड रुपैयाँ राजस्व संकलन गरिसकेको छ ।

## घुम्न लायक...

हर्न निषेध गरिएको पुरातात्विक सहर हिमाली क्षेत्र प्रदेशको ढोकाको रुपमा समेत काठमाडौंको परिचय दिइएको छ । उसले आफ्नो वेबसाइट सूचीको पहिलो नम्बरमा डेनमार्कको कोपनहेगेन, दोस्रोमा चीनको सेनचेन तेस्रोमा सर्भियाको नोभिसाद, चौथोमा अमेरिकाको मायामी, पाँचौंमा काठमाडौं रहेको छ । यस्तै छैठौंमा मेक्सिकोको मेक्सिकोसिटी, सातौंमा सेनेगलको डाकर, आठौंमा अमेरिकाको सेटली, नवौंमा क्रोयसियाको जदार र दशौं नम्बरमा मोरक्कोको मेकिन्सलाई राखिएको छ ।

## प्रदेश खारेजी...

मात्र हुनेछ भनेका छन् । राउतले निजामती कर्मचारी पनि आफैं भर्ना गर्छु भन्दै धम्की दिँदै आएका छन् । केन्द्र सरकारले बेलैमा प्रदेश र स्थानीय तहहरुमा कर्मचारी भर्ना गर्न नसक्दा पनि प्रदेशको काम कारबाही प्रभावित भएको बारेमा अन्य प्रदेशहरुले पनि गम्भीरतापूर्वक कुरा उठाइरहेका छन् । यसैबीच तराई मधेसमा भइरहेको राष्ट्रियता विरोधी क्रियाकलापप्रति नेपाली सेना समेत सचेत रहेको प्रधान सेनापति पूर्णचन्द्र थापाले बताएका छन् । विखण्डनकारी सोचले ओतप्रोत भएर त्यसैअनुरुप गतिविधि गर्दै आएको सीके राउतका क्रियाकलाप पनि सेनाको जानकारीमा रहेको र सेनाले संविधान विरोधी क्रियाकलाप गरी राष्ट्रियतामा आघात पुऱ्याउनेलाई कुनै हालतमा उन्मुक्ति नदिने जनाउ दिइसकेको छ ।

संघीयताको लागि संघर्ष गर्नेहरुले नै यसलाई बाँदरको हातको नरिवल बनाउँदै लगेको खण्डमा संघीयताको औचत्यमाथि नै गम्भीर प्रश्न उठिसकेको छ । प्रधानमन्त्री केपी ओली समेतले विगतमा संघीयता मुलुकको लागि बोझ हुने भन्दै 'बाख्राको टाउकोमा भैंसीको सिङ लगाएजस्तो' भनेर टिप्पणी गरेका थिए । प्रदेश सरकार र प्रदेश सभाहरु अहिलेको स्थितिमा केवल तलबभत्ता खाने ठाउँ मात्र बनेकाले प्रदेश खारेज गरेर स्थानीय तह र केन्द्र मात्र राख्न उपयुक्त हुने धारणा समेत आइरहेका छन् । त्यसो त प्रदेशका मन्त्री केशव स्थापितले प्रदेशको मन्त्रीभन्दा मेयर ठीक भनेका छन् । संघीयताले राष्ट्रियता बलियो बनाउनेभन्दा राष्ट्रियता खण्डित पार्नेतर्फ लागेको खण्डमा प्रदेशको भविष्यबारे पनि नेपाली जनताले सोच्नुपर्ने अवस्था आएको छ । प्रदेशका मुख्यमन्त्री लगायत नेताहरुको चरित्रमा सुधार नआए जनता प्रदेश खारेजीको माग लिएर सडकमा निस्कन सक्नेछन् ।

## भारतबाट...

भारतबाट नेपालमा फूल ठूलो मात्रामा आयात हुन्छ । पचासौं लाखका फूलहरु नेपाल भित्रिन्छन् । यसका अतिरिक्त रङहरु र केरा स्याउ, नरिवल, सुपारी, किसमिस, काजु, बदाम लगायतका मसला र फलफूलहरु भारतबाट नेपाल आयात हुन्छ ।

इलेक्ट्रोनिक पालाहरु चीनले भारतका विभिन्न राज्यमा निर्यात गर्ने गर्छ । भारत र चीनबीच दोकलाम विवाद भएका बेला भारतले चीनबाट आयात हुने तिहारका सामग्री बहिष्कार गरेको थियो । तिहारमा भारतले नगन्य मात्रामा चीनबाट वस्तुहरु आयात गर्छ । तर नेपालले भने चढाउने नरिवलदेखि लक्ष्मीका फोटासमेत भारतबाटै ल्याउने गरेको छ । माला र पालामा परनिर्भर भएर नेपालीले तिहार पर्व मनाउँदै छन् । स्वदेशमा निर्माण गरिने माटाका पालाहरुको व्यवसाय नै लोप भइसकेको अवस्था छ ।